का.जि.प्र.का.द.नं. १००/०५२/६०
२५ भदौ २०८३
बिहीबार
10 September 2026
Thursday
नेपाल संवत् ११४६
मूल्य रु. ५/-

मध्यान्ह

राष्ट्रिय दैनिक

ई-पेपर हेर्न

वर्ष २४, अंक २३१। पृष्ठ ८ | Madhyanha National Daily | www.madhyanhadaily.com

२४ भदौको विध्वंस

सडकमा थिए पौने २ लाख प्रदर्शनकारी

२३ भदौको जेनजी आन्दोलनपछि २७ घण्टामै सत्ता ढल्यो। २४ भदौमा राज्यका संवेदनशील केन्द्रहरू जलाइए। सिंहदरबारदेखि राष्ट्रपति भवनसम्म सुरक्षा घेरा भत्किँदा सेनाको भूमिकामाथि गम्भीर प्रश्न उठ्यो। राजनीतिक नेतृत्वदेखि सुरक्षा संयन्त्रसम्मको जिम्मेवारी खोजेको जाँचबुझ आयोगको प्रतिवेदनले समग्र घटनाको यथार्थ भने बाहिर ल्याउन सकेको छैन।

कहाँ कति पुगेका थिए ?

- संसद् भवन : २२,४९६
- सिंहदरबार : २,६९२
- सर्वोच्च अदालत : १,४१७
- शीतलनिवास : २,६४४
- कान्तिपुर : २,१७९
- नख्खु कारागार : ५,३६०

स्रोत : जाँचबुझ आयोग

राज्यका संरचना जलाउन को-को गएका थिए, लामै अनुसूचीसहित प्रतिवेदन दिएका छौं। एक क्लिक गर्दा ती व्यक्तिको विवरण खुल्छ। अनुसन्धान गरे उनीहरूको संलग्नता भए/नभएको पुष्टि हुन्छ।

गौरीबहादुर कार्की
अध्यक्ष, जाँचबुझ आयोग



जनक नेपाल/मध्यान्ह
काठमाडौं, २४ भदौ


गत भदौमा भएको जेनजी आन्दोलनका दुई दिनले राज्यको शक्ति, सुरक्षा संयन्त्रको भूमिका र राजनीतिक नेतृत्वको जवाफदेहिताबारे गम्भीर प्रश्न छाडेका छन्।

२३ भदौमा सुरु भएको प्रदर्शनले राजनीतिक संकट निम्त्यायो। त्यसको भोलिपल्ट भने देशका प्रमुख सरकारी तथा संवैधानिक संरचनामाथि आगजनी, तोडफोड र लुटपाट भयो। प्रधानमन्त्री निवासदेखि संसद्, सिंहदरबार, सर्वोच्च अदालत र राष्ट्रपति भवन एकै दिनमा ध्वस्त भए।

यी घटनाको छानबिन गर्न बनेको उच्चस्तरीय जाँचबुझ आयोगले आफ्नो प्रतिवेदन सरकारलाई बुझाएको पनि ६ महिना भइसकेको छ। तर प्रतिवेदनले घटनाको निष्कर्ष दिनुभन्दा पनि नयाँ प्रश्नहरू जन्माएको छ। विशेषत: राज्यका सुरक्षा संयन्त्र कहाँ चुक्यो ? राजनीतिक नेतृत्वको जिम्मेवारी कति थियो ? २४ भदौका आपराधिक घटनामाथि अब कसरी अनुसन्धान हुन्छ ?

आयोगका अध्यक्ष गौरीबहादुर कार्कीका लागि जाँचबुझ व्यक्तिगत रूपमा पनि सहज थिएन। 'यस्तो आयोगभन्दा सम्पत्ति भ्रष्टाचार छानबिनमा राखेको भए हुन्थ्यो,' उनले त्यतिबेलै मध्यान्हसँग भनेका थिए। पूर्वन्यायाधीश कार्की आफ्नो स्पष्ट अडान र हक्की स्वभावले परिचित छन्। आयोग गठन हुनुअघि तत्कालीन प्रधानमन्त्री केपी शर्मा ओलीबारे उनले सामाजिक सञ्जालमा लेखेको अभिव्यक्तिलाई लिएर उनी ओलीप्रति पूर्वाग्रही रहेको आरोप लाग्यो। यही कारण ओलीले आयोगसमक्ष प्रत्यक्ष उपस्थित भएर बयान दिनसमेत अस्वीकार गरे। आयोगले भने अन्य पूर्वप्रधानमन्त्रीहरूझैं ओलीलाई पनि लिखित प्रश्न पठायो र प्राप्त जवाफलाई बयानका रूपमा पृष्ठ २ मा

सिंहदरबार जलाउन गएका थिए २६ सय मानिस



आयोगका लागि भोलिपल्टको हिंसा अर्कै घटना थियो। २३ भदौको प्रदर्शन र २४ भदौको आगजनी तथा लुटपाटलाई एउटै घटनाका रूपमा बुझ्न नहुने कार्की बताउँछन्। उनका अनुसार २४ भदौका घटनामा सार्वजनिक तथा निजी सम्पत्तिमाथि भएको आगजनी, तोडफोड र लुटपाट फौजदारी अपराध हुन्। त्यसको अनुसन्धान र अभियोजन आयोगको कार्यादेशभन्दा बाहिर पर्छ। तर त्यसो भन्दै आयोगले २४ भदौलाई छाडेको दावी पृष्ठ २ मा

कहाँ चुक्यो सुरक्षा संयन्त्र ?

अब त्यो काम सरकार र अनुसन्धान गर्ने निकायको हो। राज्यका सबै सुरक्षा घेरा कसरी तोडिए ? २४ भदौमा प्रधानमन्त्री निवास बालुवाटार, सिंहदरबार, सर्वोच्च अदालत, संसद् भवन र राष्ट्रपति भवनजस्ता राज्यका सबैभन्दा संवेदनशील संरचनासमेत भिडले कब्जामा लिएको थियो। जबकि तीमध्ये अधिकांश संरचनाको सुरक्षा कमान्ड नेपाली सेनाको हातमा थियो।

आयोगले नेपाली सेनाका चार अधिकारीमाथि विभागीय कारबाही सिफारिस गरेको छ। राष्ट्रपति भवनका सुरक्षा कमान्डर सहायक रथी मनोज बैदवारमाथि राष्ट्रपति कार्यालयको ढोका खोलेर उपद्रवकारीलाई प्रवेश गर्न दिएको र आवश्यक बल प्रयोग नगरेको आरोप छ। बालुवाटार, सिंहदरबार र संघीय संसद् भवनका सुरक्षा कमान्डरहरू क्रमश: प्रमुख सेनानी दिवाकर खड्का, प्रमुख सेनानी गणेश खड्का र सेनानी सन्तोष ढुंगेलमाथि पनि सुरक्षा दिन असफल भएको भन्दै विभागीय कारबाही सिफारिस गरिएको छ। तर सेनाको शीर्ष नेतृत्वमाथि भने प्रतिवेदनले त्यही तहको प्रत्यक्ष कारबाही सिफारिस गरेको छैन। सोही कारण कार्की आयोगमाथि सेनको नेतृत्वप्रति उदार बनेको आरोप छ। कार्की भने यसको जवाफ संवैधानिक व्यवस्थालाई देखाउँछन्। सरकारको निर्णयबिना सेना आफैं पृष्ठ २ मा

फेरि उठ्यो भाटभटेनी

भावना पाठक/मध्यान्ह
काठमाडौं, २४ भदौ

गत वर्ष भदौ २४ गते आगजनीबाट ध्वस्त भएको भाटभटेनी सुपरमार्केटको धरानस्थित स्टोर एक वर्षपछि पुन: सञ्चालनमा आएको छ। आगजनी भएको ठिक एक वर्षकै दिन स्टोर पुन: सञ्चालनमा ल्याइएको भाटभटेनीका अध्यक्ष तथा प्रबन्ध निर्देशक मीनबहादुर गुरुङले जानकारी दिए।

भाटभटेनीकी सञ्चालक सावित्री गुरुङले बुधबार धरानस्थित स्टोरको पुन: शुभारम्भ गरिन्। शुभारम्भ कार्यक्रममा उनले ग्राहकलाई आधुनिक सुविधा र गुणस्तरीय सेवा उपलब्ध गराउने कम्पनीको प्रतिबद्धता कायम रहेको बताइन्।

गत वर्ष भदौ २३ गतेदेखि सुरु भएको जेनजी आन्दोलन भदौ २४ गते हिंसात्मक बनेपछि देशका विभिन्न सरकारी तथा निजी संरचनामा आगजनी, तोडफोड र लुटपाट भएको थियो। त्यस क्रममा भाटभटेनीका देशभर सञ्चालित २७ मध्ये २१ वटा शाखामा क्षति पुगेको थियो।

काठमाडौं उपत्यकामा टंगालस्थित मुख्य कार्यालय, महाराजगन्ज र कोटेश्वर शाखा तथा बालुवाटारस्थित मुख्य वेयरहाउस र बौद्ध शाखा पूर्ण रूपमा जलेका थिए। उपत्यकाबाहिर पोखरा, चितवन, हेटौंडा, बिर्तामोड, दमक, विराटनगर र धरान शाखामा समेत आगजनी भएको थियो।

आगजनी नभए पनि कलंकी, राधेराधे, बालाजु, जनकपुर, बुटवल, वीरगन्ज, धनगढी, इटहरी र भैरहवा शाखा लुटपाट तथा तोडफोडमा परेका थिए। यी शाखामा घटनालगत्तै सरसफाइ तथा आवश्यक मर्मतसम्भार गरेर सेवा पुन: सञ्चालन गरिएको थियो।

टोखा, सातदोबाटो, अनामनगर, पाटन, नेपालगन्ज, वर्ल्ड ट्रेड सेन्टर र सानागाउँस्थित शाखा भने ठुलो क्षतिबाट जोगिएका थिए।

धरान शाखा पुन: सञ्चालनमा आएसँगै भाटभटेनीका २७ मध्ये २४ वटा शाखाबाट नियमित सेवा सञ्चालनमा आएको कम्पनीले जनाएको छ। बाँकी तीन शाखाको पुनर्निर्माण तथा मर्मतसम्भार भइरहेको छ। टंगालस्थित मुख्य कार्यालय भवन, मकवानपुरको हेटौंडा र झापाको दमक शाखा पुन: सञ्चालनमा आउन बाँकी छन्। यी शाखा पनि दसैंअघि सञ्चालनमा ल्याउने लक्ष्य राखिएको कम्पनीले जनाएको छ।

कति भएको थियो क्षति ?

भदौ २४ को घटनाबाट भाटभटेनीले कुल १० अर्ब ८५ करोड ६७ लाख ९८ हजार ८५४ रुपैयाँबराबरको क्षति व्यहोरेको जनाएको छ। व्यवस्थापनका अनुसार भवन तथा पूर्वाधारमा आगजनी हुँदा ४ अर्ब ४० करोड ६ लाख ५४ हजार ६०३ रुपैयाँ पृष्ठ २ मा



विद्यालय बने आश्रयस्थल

३७ अस्थायी शिविरमा छन् ३५ सय धेरै बाढीप्रभावित

बाढी आएको दुई साता पुग्दा रसुवा, नुवाकोट र धादिङका ३ हजार ६२८ जना अझै ३७ अस्थायी शिविरमा आश्रित छन्। बस्ती नै बगरमा परिणत भएपछि उनीहरूको स्थायी पुनर्स्थापना अन्योलमा छ भने विद्यालयलाई आश्रयस्थल बनाइँदा हजारौं बालबालिकाको पढाइ प्रभावित भएको छ।



सपना बोहरा/मध्यान्ह
काठमाडौं, २४ भदौ

भोटेकोशी हुँदै त्रिशूली नदीमा आएको विनाशकारी बाढीको दुई साता पुग्दा रसुवा, नुवाकोट र धादिङका ३ हजार ६२८ जना अझै ३७ वटा अस्थायी शिविरमा आश्रित छन्। बाढीले बस्ती नै बगरमा परिणत गरेपछि उनीहरूलाई सुरक्षित स्थानमा पुनर्स्थापना गर्ने वा अन्यत्र स्थानान्तरण गर्ने विषयमा सरकारले अध्ययन थालेको छ।

सहरी विकास तथा भवन निर्माण विभागअन्तर्गतको आश्रय तथा शिविर व्यवस्थापन क्लस्टरको पछिल्लो विवरणअनुसार रसुवाका १० वटा शिविरमा ७७३, नुवाकोटका २५ शिविरमा २ हजार ६९९ र धादिङका दुई शिविरमा १९६ जना आश्रित छन्।

भदौ १० गते आएको बाढीले घर, सडक, पुललगायतका भौतिक संरचनामा ठुलो क्षति पुऱ्याएको थियो। बाढीपछि ठुलो संख्यामा नागरिक घरबारविहीन भए पनि उनीहरूको दीर्घकालीन आवासको टुंगो लागिसकेको छैन। तत्कालका लागि सरकारी तथा गैरसरकारी संस्थाले खाद्यान्नबाहेकका आवश्यक सामग्री वितरण गरिरहेका छन्। तर घर नै नरहेकाले ती सामग्री सुरक्षित राख्ने ठाउँसमेत पीडितसँग छैन। विभागको विवरणमा बाढीबाट पृष्ठ २ मा

वैदेशिक रोजगार विशेष

एफडब्लुसिएमएसमा नेपालका २७५ म्यानपावर कम्पनी पुऱ्याइए

मध्यान्ह संवाददाता
काठमाडौं, २४ भदौ

नेपाल वैदेशिक रोजगार व्यवसायी संघले मलेसियाको फरेन वर्कर सेन्ट्रल म्यानेजमेन्ट सिस्टम (एफडब्लुसिएमएस)मा नेपालका २७५ म्यानपावर कम्पनीको नाम दर्ता भएको सम्बन्धमा युवा, श्रम तथा रोजगार मन्त्रालयको ध्यानाकर्षण गराएको छ।

यसअघि २५५ वटा नेपाली म्यानपावर कम्पनी उक्त प्रणालीमा दर्ता भएकोमा बुधबार दिउँसो थप २० वटा म्यानपावर कम्पनीको नाम उक्त प्रणालीमा दर्ता भएको हो। २५ मुख्य र उनीहरू प्रत्येक मातहत १० वटा गरी एफडब्लुसिएमएसमा २७५ म्यानपावर कम्पनीको नाम दर्ता गरिएको हो। उक्त प्रणालीमा दर्ता गरिएका मुख्य २५ मध्ये बुधबार दि रिभर ओभरसिज प्रा.लि. र ट्रान्स एसिया इन्टिग्रेटेड सर्भिस प्रा.लि. मातहत पनि १०-१० वटा म्यानपावर कम्पनी राखिएको छ।

वैदेशिक रोजगार विभागमा १ हजार ११७ वटा पृष्ठ २ मा

दशैं-तिहारको योजना त्यागेर शान्तिको सहयोग



काठमाडौं/मस- नेपालको रसुवास्थित भोटेकोशीमा दुई हप्ताअघि आएको अकल्पनीय र विनाशकारी बाढीपीडितलाई सहयोग पुऱ्याउन दुबईमा बस चलाउने एक नेपाली महिलाले गरेको योगदान चर्चाको विषय बनेको छ।

दुबईमा बस चालकको काम गर्दै आएकी ४३ वर्षीया शान्ति कुमारी भण्डारीले लामो समयदेखि प्रतीक्षा गरेको पृष्ठ २ मा

मध्यान्ह
राष्ट्रिय दैनिक
www.madhyanhadaily.com

उखु किसान सधैं पीडामा

उद्योगले रकम भुक्तानी नगर्दा ऋण गरेर गर्जो टार्नुपर्ने

सर्लाही/मस-उधारोमा बिक्री गरेको नगदे बाली उखुको भुक्तानी यहाँका किसानका लागि सधैंको गलपासो बन्दै आएको छ। गत याममा उद्योगलाई उखु बेचेका किसान छ महिना भइसक्दासम्म पैसा नपाएपछि समस्यामा परेका हुन्। यहाँको धन्कौल गाउँपालिका-२ मा रहेको अन्नपूर्ण चिनी उद्योगले गत याममा मा उखु खरिद गरेको भुक्तानी अझै किसानलाई दिएको छैन।

धन्कौल गाउँपालिका-३ निवासी कैलाश पासवानले उद्योगलाई दिएको ३०० क्विन्टल उखुको आंशिक रकममात्र पाएको बताए। उनले ५० कट्ठा खेतमा उखु लगाएका छन्। यसमध्ये आफ्नो २० कट्ठा र बाँकी ठेक्कामा लिएको हो। उखु बेचेको पैसा समयमा पाए समयमै ठेक्का बुझाउने उनलाई हतारो छ। कबोल गरेको समयमा ठेक्का रकम नतिरे साहुलाई ब्याज बुझाउनुपर्ने चिन्ता उनले व्यक्त गरे।

'घरको सबै खर्च खेतीबाट आएको पैसाले पुऱ्याउनु पर्छ', उनले भने, 'बालबच्चाको लालनपालन, शिक्षादिक्षा, चाडपर्व सबै यही उखु बेचेर आएको पैसाबाट टार्नु छ। तर, उद्योगले हरेक वर्ष झुटो आशा देखाउँदै दुःख दिने गरेको छ।' केही समय पहिलामात्र छोरीको विवाह गरेका कैलाशले गर्जो टार्न उद्योगले पैसा नदिएपछि साहुमहाजनसँग सयकडा तीनले ब्याजमा ऋण लिनुपरेको दुखेसो पोखे।

उनले उद्योगबाट अझै ५६ हजार बढी रकम पाउन बाँकी छ। पाउने रकमको टुङ्गो नहुँदा आफूहरू उखुखेतीबाट निरास बनेको उनले बताए। उद्योगले पैसा दिनेबेला दिएको दुःख सम्झेर ४०० क्विन्टल उखु नगदमा बेचेको उनको भनाइ छ। नगदमा बिचौलियाले ३५ देखि ४० कम दाममा किनेर आफ्नो नाममा उद्योगलाई बिक्री गर्छन्। यसबाट किसानले पाउने अनुदानबापतको रकमसमेत दुरुपयोग हुँदै आएको छ।



धन्कौल -२ का पाँचु सहनीको पनि आयआर्जनको एकमात्र उपाय खेतीपाती हो। उनी पनि ठेक्कामा लिएको खेतमा उखु रोप्ने र उद्योगलाई बेच्ने गरे। तर, सुरुमा स्थानीयलाई सुविधा पुग्छ भनेर सञ्चालनमा आएको उद्योगले बारम्बार ठगेको उनको गुनासो छ।

यस उद्योगले उनको २०७४ सालमा बिक्री गरेको उखुको केही भुक्तानी अझै दिएको छैन। सोही समयमा उद्योग धरासायी बन्यो।

सुरुका उद्योगपतिले उद्योग नै बेचिदिएपछि किसानले पाउनु दुःख पाएको उनी बताउछन्। 'माग्न जाँदा २०७४ सालसम्मको भुक्तानी पुरानो मालिकले गर्ने हो भने, पछि विवरण फेला परेन भनेर दिँदै दिएन', उनले भने। त्यसपछि आफूले रौतहट र सर्लाहीको हरिवनस्थित इन्दुशङ्कर चिनी उद्योगमा उखु बेचेको उनको भनाइ छ। यस वर्ष उद्योगले मिलगेट क्षेत्र तोकेर अन्यत्र काँटा नराख्ने सहमति गरेपछि बाहिरको उद्योग आएन।

यसपछि आफूहरू मन नहुँदा नहुँदै बाध्य भएर अन्नपूर्णलाई उखु दिनुपरेको उनले जानकारी दिए। उनले यसपटक दिएको झन्डै ५०० क्विन्टल उखुको भुक्तानी पाउन बाँकी छ। नजिकै हरिवनमा रहेको उद्योगले उखु बिक्री गरेको १५ दिनमा भुक्तानी दिँदा आफूहरूलाई अन्नपूर्णले दुःख दिएको गुनासो गरे।

अन्नपूर्ण चिनी उद्योगले सिजन २०८२/८३ मा तीन हजार १८६ जना किसानबाट खरिद गरेको नौ लाख ९३ हजार ७५२.६७ क्विन्टल उखु क्रसिङ गरेको थियो।

उखु खरिदबापत हुन आउने ६१ करोड ६१ लाख २७ हजार ६५५ रुपैयाँमध्ये उद्योगले किसानलाई अझै २२ करोड हाराहारीमा भुक्तानी दिन बाँकी देखिएको छ। किसानको उजुरीपछि सहायक प्रमुख जिल्ला अधिकारी होमप्रसाद घिमिरेको अध्यक्षतामा गठन गरिएको छानबिन समितिले उद्योगबाट २२ करोड रुपैयाँको हाराहारीमा किसानले भुक्तानी पाउन बाँकी रहेको प्रतिवेदन सार्वजनिक भएको थियो। यता उद्योग प्रशासनले भने दैनिक किसानको भुक्तानी गरिरहेको दावी गरेको छ। उद्योगका प्रशासकीय प्रमुख रमेश श्रीवास्तवले किसानको भुक्तानी बाँकी रहेको स्वीकार गरे।

कात्तिक मसान्तसम्म सक्ने योजना रहेको उनले बताएका छन्। उद्योगले किसानको भुक्तानी दसैँ अगाडि गरिसक्नेगरी काम गरिरहेको उनको भनाइ छ। तर, बाँकीमध्ये अहिलेसम्म कति रकम किसानको खातामा दाखिला भयो भन्ने तथ्यांक उनीसँग छैन।

प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोषमा नेपाल शेर्पा संघको २० लाख सहयोग

काठमाडौं/मस-नेपाल शेर्पा संघले प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोषमा २० लाख रुपैयाँ सहयोग गरेको छ।

संघको सामाजिक सेवा विभागमार्फत संकलन गरिएको २० लाख रुपैयाँ संघका केन्द्रीय अध्यक्ष लाक्पा ठिन्ले शेर्पाको नेतृत्वमा अर्थमन्त्री डा.स्वर्णिम वाग्लेलाई हस्तान्तरण गरिएको संघका केन्द्रीय उपाध्यक्ष तथा सामाजिक सेवा विभाग प्रमुख सञ्जय शेर्पाले जानकारी दिए।

रकम हस्तान्तरण कार्यक्रममा संघका पूर्वअध्यक्ष जिपछिरिङ लामा, निवर्तमान अध्यक्ष गेल्जे लामा शेर्पा, सल्लाहकार आङछिरिङ शेर्पा, तेन्जी शेर्पा र शेरसाङबु शेर्पा, उपाध्यक्ष दावा शेर्पा, उपाध्यक्ष तथा सामाजिक सेवा विभाग प्रमुख सञ्जय शेर्पा, महासचिव लाक्पा जी शेर्पा, उपमहासचिव साङदोर्जे शेर्पा, कोषाध्यक्ष आङदोर्जे शेर्पालगायतको उपस्थिति थियो। संघका केन्द्रीय उपाध्यक्ष शेर्पाका अनुसार संघसँग संकलित बाँकी करिब ३० लाख रुपैयाँ भने नेपाल शेर्पा संघमार्फत बाढी तथा पहिरो प्रभावित पीडित परिवारलाई आर्थिक राहतका रूपमा वितरण गरिनेछ। संघले सहयोग गर्ने सहयोगी, दाता तथा शुभेच्छुकहरूप्रति आभार व्यक्त गर्दै राहत संकलन कार्य नियमित रूपमा जारी रहेको जनाएको छ।



भोटेकोशी बाढी

खोज तथा उद्धारमा तीव्रता

काठमाडौं/मस-रसुवाको भोटेकोशी बाढी प्रभावित क्षेत्रमा खोज तथा उद्धार कार्य जारी रहेको छ। नेपाली सेनाले भदौ २४ गते साँझ ६:३० बजेसम्म विभिन्न प्रभावित क्षेत्रबाट हवाई साधनमार्फत थप ८१ जनाको उद्धार गरेको छ।

नेपाली सेनाका अनुसार हालसम्म हवाई साधनमार्फत स्वदेशी ३ हजार ७९८ र विदेशी २८३ गरी ४ हजार ८१ जनाको उद्धार गरिएको छ।

रसुवागढी जलविद्युत् आयोजनामा नेपाली सेना, आयोजनाका प्रतिनिधि तथा संयुक्त शीघ्र प्रतिक्रिया टोलीसहितको संयुक्त टोलीले पावरहाउस, ट्रान्सफर्मर रुम तथा कन्ट्रोल पोइन्टसम्म पुगेर खोजी गरिरहेको छ। आयोजनाको टनेलमा करिब ५० मिटरभित्र पुगेर खोजी गर्दा एक शव फेला परेको र थप खोजी जारी रहेको सेनाले जनाएको छ।

त्यस्तै, लाङटाङ जलविद्युत् आयोजनामा पानीको मात्रा घटाउन च्यानल निर्माण गर्दै खोज तथा उद्धार भइरहेको छ। चिलिमे हाइड्रोमा विदेशीसमेत सहभागी संयुक्त टोली टनेलको १४० मिटरभित्र प्रवेश गरी खोजी गरिरहेको छ। ड्रोनमार्फत ४० मिटरसम्म खोजी गर्दा भने केही फेला नपरेको जनाइएको छ। माथिल्लो त्रिशूली-१ आयोजनाको हाकुबेशीस्थित अडिट-३ टनेलमा संयुक्त टोली करिब १ हजार २०० मिटरभित्र प्रवेश गरेर खोजी गर्दा केही फेला नपरेको सेनाले जनाएको छ।

सडकमा...

अभिलेखमा राख्यो। यसले प्रतिवेदनको निष्पक्षतामाथि सुरुबाटै प्रश्न भने उठ्यो। राष्ट्रिय मानवअधिकार आयोगले त आन्दोलन भड्काउन भूमिका खेलेको भन्दै कार्कीमाथि नै अनुसन्धान गर्न सिफारिस गरेको छ।

ओली र लेखकलाई दोषी देखाउने आधार

आयोगको निष्कर्षको सबैभन्दा गम्भीर पक्ष २३ भदौको प्रदर्शन नियन्त्रणका क्रममा भएको गोली प्रहारसँग सम्बन्धित छ। कार्कीका अनुसार, नयाँ बानेश्वरस्थित संसद् भवनबाहिर दिउँसो पौने १ बजेतिर सुरु भएको गोली प्रहार करिब ३ बजेसम्म जारी रह्यो। त्यस अवधिमा मानवीय क्षति बढिरहँदा पनि तत्कालीन प्रधानमन्त्री ओली र गृहमन्त्री रमेश लेखकले गोली रोक्न आवश्यक निर्देशन वा हस्तक्षेप नगरेको आयोगको निष्कर्ष छ। 'प्रधानमन्त्री भनेको हरेक नागरिकको अभिभावक हो। त्यस्तो गोली चल्दा रोक्नुपर्दैन ?' कार्की भन्छन्, 'त्यो लापरवाही हो। त्यसैले हामीले कारबाहीको सिफारिस गरेका हौं।'

कार्कीको तर्कमा आयोगले व्यक्ति विशेषलाई निसाना बनाएको नभई पदीय जिम्मेवारीको परीक्षण गरेको छ। त्यसैले आयोगले ओली र लेखकसहित तत्कालीन प्रहरी महानिरीक्षक चन्द्रकुवेर खापुडमाथि फौजदारी अनुसन्धान तथा अभियोजन गर्न सिफारिस गरेको छ।

आयोगले प्रधानमन्त्रीलाई घटनाको राजनीतिक र प्रशासनिक नेतृत्वका रूपमा हेरेको छ। कार्कीका अनुसार, प्रारम्भिक चरणमै मृत्यु र घाइतेको संख्या बढिसक्दा पनि त्यसलाई रोक्न आवश्यक कदम नचालिनु गम्भीर लापरवाही थियो।

राष्ट्रिय सुरक्षा परिषद्को बैठकसमेत दिउँसो नै बोलाउनुपर्ने अवस्थामा राति १० बजे मात्र बोलाइएको विषयलाई आयोगले लापरवाहीका रूपमा अर्थ्याएको छ।

सिंहदरबार...

उनी स्वीकार गर्दैनन्। आयोगले हजारौं भिडियो, फोटो र सिसिटिभी फुटेज संकलन गरेको थियो। त्यसमाथि मोबाइल फोनको बिटिएस विवरणसमेत प्रयोग गरी काठमाडौंसहित १५ जिल्लामा विभिन्न घटनास्थलमा पुगेका मानिसको विवरण तयार पारिएको कार्की बताउँछन्।

आयोगले सरकारलाई १ लाख ७४ हजार ४२० व्यक्तिको विवरण बुझाएको छ। नयाँ बानेश्वरस्थित संसद् भवनआसपास २२ हजार ४९६ जना पुगेको देखिएको छ। सिंहदरबारभित्र २ हजार ६९२, सर्वोच्च अदालतमा १ हजार ४१७ र राष्ट्रपति भवनभित्र २ हजार ६४४ जना पुगेको विवरण आयोगले संकलन गरेको छ।

थापाथलीस्थित कान्तिपुर दैनिकको मुख्यालयमा भएको आगजनीका क्रममा २ हजार १७९ व्यक्ति पुगेको र रवि लामिछानेलाई जेलबाट निकाल्न ५ हजार ३६० व्यक्ति पुगेको आयोगले सरकारलाई बुझाएको कार्कीको भनाइ छ।

यी सबै मानिस अपराधमा संलग्न थिए भन्ने आयोगको निष्कर्ष भने होइन। घटनास्थलमा पुगेका व्यक्तिको पहिचान र त्यसपछि भिडियो, तस्बिर तथा अन्य प्रमाणका आधारमा अपराधमा संलग्न व्यक्तिमाथि अनुसन्धान अघि बढाउनुपर्ने आयोगको धारणा हो। 'को-को गएका थिए, लामै अनुसूचीसहित दिएका छौं। एक क्लिक गर्दा व्यक्तिको विवरण खुल्छ। अनुसन्धान गरे संलग्नता भए नभएको पुष्टि हुन्छ,' उनले भने।

कहाँ...

सडकमा आएर स्थिति नियन्त्रणमा लिन नसक्ने उनको तर्क छ।

अध्यक्ष कार्कीका अनुसार, २३ भदौ राति नै सेना परिचालन वा संकटकाल घोषणा गरिएको भए स्थिति फरक हुन सक्थ्यो। २४ भदौमा लगाइएको कर्फ्यु बिहान ५ बजेसम्म मात्र कायम राखियो। सेनाले त्यसलाई बिहान ९ बजेसम्म लम्ब्याउन सुझाव दिएको भए पनि प्रशासनले समय नथप्दा बिहानै ठुलो संख्यामा मानिस सडकमा निस्किए। त्यसपछि सुरक्षा निकायले स्थिति नियन्त्रण गर्न नसकेको निष्कर्षमा आयोग पुगेको छ। यही कारण आयोगले सेनालाई समग्र घटनाको मुख्य दोषी नबनाएको उनी बताउँछन्। सरकारले परिचालन नगरेको अवस्थामा सेना आफैंले नागरिक क्षेत्रमा नियन्त्रण लिन खोज्नु पनि संवैधानिक र संस्थागत रूपमा उचित नहुने उनको तर्क छ।

आयोगले प्रहरी नेतृत्वलाई समेत उन्मुक्ति दिएको छैन। तत्कालीन एआइजी दानबहादुर कार्कीले सैनिक मुख्यालयमा बसेर देशभर प्रहरीलाई बल प्रयोगसम्बन्धी सर्कुलर जारी गरेको विषयलाई आयोगले गलत आदेशका रूपमा व्याख्या गरेको छ। तर उक्त सर्कुलर तत्कालीन प्रहरी महानिरीक्षक खापुडकै अगाडिबाट जारी भएको उनी बताउँछन्।

गलत आदेश भएको थाहा पाएपछि त्यसलाई रोक्ने जिम्मेवारी प्रहरी नेतृत्वको हुने कार्की बताउँछन्। त्यसैले आयोगले खापुडमाथि मात्र कारबाही सिफारिस गरेको उनको तर्क छ। यससँगै तत्कालीन गृहसचिव गोकर्णमणि दुवाडी, सशस्त्र प्रहरीका महानिरीक्षक राजु अर्याल, राष्ट्रिय अनुसन्धान विभागका प्रमुख हुतराज थापा र काठमाडौंका प्रमुख जिल्ला अधिकारी छविलाल रिजालमाथि पनि फौजदारी कारबाही सिफारिस गरिएको छ।

प्रतिवेदन औपचारिक रूपमा सार्वजनिक गर्ने, सिफारिस कार्यान्वयन गर्ने र २४ भदौका आगजनी तथा लुटपाटमा संलग्नमाथि प्रमाणका आधारमा अनुसन्धान अघि बढाउने जिम्मेवारी सरकारमाथि छ। कार्की स्वयं सरकारले प्रतिवेदन कार्यान्वयनमा इमानदारी देखाउनुपर्ने बताउँछन्। 'हामीले विस्तृत अध्ययन गरेर प्रतिवेदन तयार पारेका छौं। चार भोल्युम त अनुसूची मात्र छ,' कार्कीले मध्यान्हसँग भने, 'तर सरकारले अहिलेसम्म औपचारिक रूपमा सार्वजनिकसमेत गरेको छैन। पत्रिकाले चुहाएपछि सार्वजनिक गर्नुपर्दैन ?'

फेरि...

बराबरको क्षति भएको थियो। पूर्ण रूपमा जलेर नष्ट भएका सामग्रीको मूल्य ५ अर्ब ९६ करोड ३ लाख ६७ हजार ५९६ रुपैयाँ रहेको छ। त्यस्तै, लुटपाट तथा तोडफोडबाट ४९ करोड ५७ लाख ७६ हजार ६५५ रुपैयाँबराबरको क्षति भएको कम्पनीले जनाएको छ।

पुनर्निर्माणमा क्षति भएको रकमभन्दा थप २० देखि ३० प्रतिशतसम्म खर्च लागेको भाटभटेनीको भनाइ छ। यसअनुसार पुनर्निर्माणमा थप करिब २ अर्ब २० करोडदेखि ३ अर्ब ३० करोड रुपैयाँसम्म खर्च भएको अनुमान छ। क्षति र पुनर्निर्माणको खर्च जोड्दा भाटभटेनीमा भएको कुल आर्थिक भार करिब १४ अर्ब रुपैयाँ पुगेको अनुमान गरिएको छ।

आगजनीका कारण भाटभटेनीका १२ वटा स्टोर प्रभावित हुँदा १० हजारभन्दा बढी कर्मचारीको व्यवस्थापन कम्पनीका लागि चुनौती बनेको थियो। तर अध्यक्ष गुरुङले कुनै पनि कर्मचारीलाई कामबाट नहटाउने प्रतिबद्धता जनाएका थिए।

त्यसपछि कम्पनीले पुनर्निर्माणसँगै कर्मचारीलाई रोजगारीमा निरन्तरता दिएको छ। एक वर्षभित्र आगजनीबाट प्रभावित १२ मध्ये नौवटा स्टोर पुनः सञ्चालनमा आइसकेका छन्।

वार्षिक ३१ अर्ब रुपैयाँभन्दा बढीको कारोबार गर्दै आएको भाटभटेनीले राज्यलाई बर्सेनि ठुलो मात्रामा राजस्व बुझाउँदै आएको छ। कम्पनीका अनुसार देशभरका स्टोरबाट दैनिक औसत १० करोड ६८ लाख रुपैयाँबराबरको कारोबार हुने गरेको थियो।

भाटभटेनी यसअघि पनि राजनीतिक आन्दोलनको प्रभावमा पर्दै आएको छ। २०८१ चैत १५ गते दुर्गा प्रसाईंको नेतृत्वमा भएको आन्दोलनका क्रममा कोटेश्वरस्थित भाटभटेनीमा तोडफोड तथा चोरी हुँदा करिब ८० लाख रुपैयाँबराबरको क्षति भएको कम्पनीले जनाएको थियो।

आन्दोलनपछि खण्डहर बनेका स्टोरहरू पुनः निर्माण गरेर भाटभटेनीले आफ्नो व्यवसायलाई पुरानै अवस्थामा फर्काउने मात्र होइन, नयाँ ढाँचामा विस्तार गर्ने योजना अघि बढाएको छ। कम्पनीले स्टोर सञ्चालनलाई अन्तर्राष्ट्रिय मापदण्डअनुकूल बनाउने योजना अघि सारेको जनाएको छ। यसैक्रममा भक्तपुरको राधेराधे शाखाबाट रात्रिकालीन सेवा पनि सुरु गरिएको छ।

भदौ २४ को हिंसात्मक घटनाबाट भाटभटेनी मात्र प्रभावित भएको थिएन। चौधरी ग्रुप, आइएमई ग्रुप, गोल्छा ग्रुप, शंकर ग्रुपलगायत ठुला व्यावसायिक समूहका संरचनामा समेत क्षति पुगेको थियो। नक्सालस्थित हिल्टन होटल र तारागाउँस्थित हायात रिजेन्सी होटलमा पनि आगजनी भएको थियो। यी पनि बिस्तारै लयमा फर्किने कोसिस गर्दै छन्।

आन्दोलनले उग्र रूप लिँदा राष्ट्रपति भवन शीतलनिवास, सर्वोच्च अदालत, सिंहदरबार, संसद् भवनलगायत देशैभरिका प्रहरी प्रशासन र स्थानीय र प्रदेश तहका संरचना क्षति भएको थियो। कांग्रेस, एमाले, नेकपालगायत पुराना दलका नेताहरूको घर पनि जलाइएको थियो। व्यक्तिगत सम्पतिमाथिको प्रहारबाट नराम्रोसँग थलिएका गुरुङले भने सबैलाई उछिनेर भाटभटेनीका सबै स्टोर लगभग ठड्याइसकेका छन्।

प्रहरीका प्रशासन भवन बिस्तारै पुनर्निर्माण हुँदै छन्। अहिलेसम्म देशको प्रमुख प्रशासनिक केन्द्रहरू राष्ट्रपति भवन शीतलनिवास, सर्वोच्च अदालत र सिंहदरबारको पुनर्निर्माणका लागि डिजाइन मात्रै सकिएको छ। त्यसमध्ये शीतलनिवास र सिंहदरबारको डिजाइन स्वीकृतिका लागि पुरातत्व विभागमा पठाइएको छ। सर्वोच्च अदालतलाई रेट्रोफिटिङ गर्ने र नयाँ प्लास्टर गरेर पुरानै स्वरूपमा ल्याउने तयारी छ। शीतलनिवास र सिंहदरबारमा पनि रेट्रोफिटिङ गरेर पुरानै संरचना जोगाइनेछ।

रेट्रोफिटिङ गर्ने कुरामै अल्झेको सरकारी संरचनालाई अध्यक्ष गुरुङले 'काम भनेको यसरी गर्ने हो' भनेर सिकाएका छन्। ग्राहकले देखाएको अथाह समर्थन र कर्मचारीले कम्पनीप्रति देखाएको अटुट माया र साथले नै एक वर्षमै भाटभटेनी पहिलेभन्दा अझ बलियो भएर उठ्न सकेको अध्यक्ष गुरुङ बताउँछन्।

भाटभटेनी सुपरमार्केटको सुरुवात काठमाडौंको नक्सालमा रहेको भाटभटेनी मन्दिरनजिकै एउटा सटरबाट भएको थियो। मीनबहादुर गुरुङ र उनकी श्रीमती सावित्री गुरुङले सन् १९८४ मा व्यवसाय सुरु गरेका थिए। सुरुवातमा 'कोल्ड स्टोर'का रूपमा सञ्चालन गरिएको उक्त पसल विस्तार हुँदै सन् १९९२ मा सुपरमार्केटमा परिणत भयो। त्यसपछि विभिन्न स्थानमा शाखा विस्तार गर्दै भाटभटेनी आज देशकै ठुलो खुद्रा व्यापारिक सञ्जालका रूपमा स्थापित भएको छ। राजनीतिक आन्दोलनका क्रममा पटक-पटक क्षति व्यहोरे पनि भाटभटेनीले पुनर्निर्माण र विस्तारलाई निरन्तरता दिँदै आएको छ।

विद्यालय...

विस्थापित र राहत लिनेको संख्या फरक देखिएकाले प्रभावित परिवारको यकिन विवरणसमेत स्पष्ट हुन सकेको छैन। हालसम्म ७ हजार ८४४ जनालाई गैरखाद्य सामग्री वितरण गरिएको रिपोर्टमा उल्लेख छ।

बाढीले बस्ती नै बगरमा परिणत गरेका कारण प्रभावितलाई त्यही स्थानमा पुनर्स्थापना गर्ने वा अन्यत्र सार्ने भन्ने विषयमा अध्ययन भइरहेको विभागका वरिष्ठ डिभिजनल इन्जिनियर टंक गौतमले बताए। 'अधिकांश घर बाढीले पुरिएका छन्, दलदल छ,' उनले भने, 'बाढीप्रभावितलाई पुनर्स्थापना गर्न त्यहाँको भौगोलिक अवस्थाको अध्ययन र जग्गाको खोजी भइरहेको छ।'

पीडितका लागि सुरक्षित स्थानमा आवास निर्माण गर्न आवश्यक जग्गा खोज्न सरकारले समिति बनाएको छ। तर सुरक्षित आवासका लागि आवश्यक जग्गा, बजेट र पूर्वाधार व्यवस्थापन चुनौतीपूर्ण देखिएको छ। 'प्रभावित परिवारका लागि आवासको आवश्यकता कति छ, कहाँ निर्माण गर्ने र त्यसका लागि आवश्यक जग्गा, बजेट तथा पूर्वाधार कसरी व्यवस्थापन गर्ने भन्नेमा अध्ययन भइरहेको छ,' गौतमले भने।

विद्यालय बने होल्डिङ सेन्टर

बाढीबाट विस्थापितलाई राख्न विद्यालयसमेत होल्डिङ सेन्टरका रूपमा प्रयोग भएपछि प्रभावित क्षेत्रका बालबालिकाको पढाइ प्रभावित भएको छ। राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणको प्रारम्भिक विवरणअनुसार रसुवामा मात्रै ९ हजार ७ सय ४२ विद्यार्थीको सिकाइ प्रभावित भएको छ।

बाढी तथा पहिरोबाट रसुवा, नुवाकोट, धादिङ, गोरखा र तनहुँका १५ स्थानीय तह प्रभावित भएका छन्। सरकारले ती स्थानीय तहलाई विपद् संकटग्रस्त क्षेत्र घोषणा गरेको छ।

शिक्षा तथा खेलकुद मन्त्रालयका सूचना अधिकारी वीरबहादुर धामीका अनुसार विद्यालयलाई आश्रयस्थलका रूपमा प्रयोग गरिएकाले प्रभावित क्षेत्रमा तत्काल नियमित पठनपाठन सञ्चालन गर्न कठिन भएको छ। 'होल्डिङ सेन्टरका रूपमा प्रयोग भएका विद्यालयबाट नागरिकलाई आफ्नै बसोबासमा फर्काउन वा अस्थायी सेन्टरमा लैजान सकियो भने मात्र विद्यालय खाली हुन्छन्,' उनले भने, 'नयाँ विद्यालय वा वैकल्पिक सिकाइ केन्द्रको व्यवस्था गर्न सके मात्रै पढाइ सुचारु गर्न सकिन्छ।'

विपद्का बेला विद्यालय र अन्य सार्वजनिक स्थललाई प्राथमिक आश्रयस्थलका रूपमा प्रयोग गर्ने गरिएको उनले बताए। 'विपद्का बेला विद्यालय सार्वजनिक स्थलका रूपमा प्रयोग हुने भएकाले अहिले प्रभावित क्षेत्रका विद्यालयमा पठनपाठन असहज भएको छ,' धामीले भने।

शिक्षा विभागको टोलीले प्रभावित क्षेत्रको स्थलगत अध्ययन गरिसकेको र सम्भावनाको विश्लेषण भइरहेको उनले बताए। सुरक्षित विद्यालयमा तत्काल कक्षा सञ्चालन गर्ने तथा आवश्यक परे प्रभावित बालबालिकालाई अन्य सुरक्षित विद्यालयमा आवाससहित राख्ने वा अस्थायी सिकाइ केन्द्र सञ्चालन गर्ने तयारी रहेको उनले बताए।

राहत शिविरमा रहेका बालबालिकाको सिकाइ निरन्तर राख्न निःशुल्क वाइफाइ सेवा सञ्चालन गरिएको छ। आश्रयस्थलमा शैक्षिक सामग्रीसमेत वितरण गरिएको मन्त्रालयले जनाएको छ।

एफडब्लुसिएमएसमा...

म्यानपावर दर्ता रहेकोमा करिब ५५ देखि ६० प्रतिशत म्यानपावरले मलेसियामा श्रमिक पठाउने गरेका छन्।

संघले मलेसियाको रोजगारीमा सुरु गरिएको सिन्डिकेटको प्रयास सफल भएको अवस्थामा त्यसले नेपाली श्रमिकमाथि चर्को आर्थिक शोषण गर्ने भन्दै वर्तमान दुईतिहाइ निकटको बलियो सरकार रहेको अवस्थामा सकेसम्म छिटो छानबिन गरी सिन्डिकेटका स्वरूपहरूलाई समाप्त गर्नुपर्ने विषय छलफलमा उठाएको संघका महासचिव हिरावहादुर डाँगी (हरि)ले जानकारी दिए। उनले सिन्डिकेटविरुद्ध संघ र मन्त्रालयको समान दृष्टिकोण रहेको पनि बताए।

यसैबीच मलेसियाको एफडब्लुसिएमएस प्रणालीमा नाम रहेका २७५ म्यानपावर कम्पनीमध्ये करिब १७० म्यानपावर कम्पनीका सञ्चालकहरूलाई संघमा बोलाएर सिन्डिकेटमा सहभागी नहुने, आफूलाई सब एजेन्टका रूपमा राख्ने म्यानपावर कम्पनीविरुद्ध उजुरी गर्ने र एफडब्लुसिएमएसविरुद्ध पनि कानुनी प्रक्रियामा जाने कागज गराएको तृतीय उपाध्यक्ष लक्ष्मण पौडेलले बताए।

यता प्रगतिशील वैदेशिक रोजगार व्यवसायी मञ्च, नेपालले एफडब्लुसिएमएसमा सब एजेन्सीका रूपमा समावेश भएको विषयलाई सामान्य संयोगवश भएको विषयका रूपमा लिन नसकिने बताएको छ। मञ्चका अध्यक्ष जनक रावलले विज्ञप्ति जारी गर्दै कुन संस्थाको नाम के आधारमा, कसको सिफारिसमा, कसको सहमतिमा र कुन अधिकारअन्तर्गत सब एजेन्सीका रूपमा समावेश गरियो भन्ने विषयमा स्पष्ट र आधिकारिक जवाफ आवश्यक रहेको बताएका छन्।

सम्बन्धित संस्थाको पूर्वस्वीकृति वा लिखित सहमतिविना कुनै पनि संस्थाको नाममा अर्को संस्था वा प्रणालीसँग आबद्ध गराइएको हो भने त्यसको कानुनी तथा संस्थागत आधार तत्काल सार्वजनिक गरिनुपर्ने भन्दै मञ्चले कुनै सम्झौता, अधिकारपत्र, साझेदारी, प्रतिनिधित्व वा अन्य प्रकारको व्यावसायिक सम्बन्ध कायम गरिएको भए त्यसको वास्तविकता समेत स्पष्ट हुनुपर्ने माग गरेको छ।

व्यवसायी संस्थाहरूलाई उनीहरूको जानकारी, सहमति र वैधानिक प्रक्रियाबिना कुनै पनि विदेशी प्रणालीमा सब एजेन्सी वा अन्य हैसियतमा प्रस्तुत गर्ने अधिकार कसैलाई नभएको भन्दै मञ्चले यो विषय केवल केही संस्थाको नाम सूचीमा परेको विषय मात्र नभई नेपालको वैदेशिक रोजगार व्यवसायमा समान अवसर, निष्पक्ष प्रतिस्पर्धा, संस्थागत स्वायत्तता र व्यावसायिक अधिकारसँग प्रत्यक्ष जोडिएको गम्भीर विषय भएको बताएको छ।

यसलाई सामान्य प्रशासनिक वा प्राविधिक विषयका रूपमा पन्छाउने प्रयास स्वीकार्य नहुने पनि मञ्चले जनाएको छ।

दशैं-तिहारको...

दशैं र तिहारमा स्वदेश फर्किने योजना त्यागेर त्यसबाट बचत भएको हवाई भाडाको रकम नेपालका बाढीपीडितलाई दिने निर्णय गरेकी हुन्। उनको यो निर्णय अहिले चर्चाको विषय बनेको हो।

उनले मात्रै नभई उनका १४ वर्षीय छोराले पनि आफ्नो खाजाको पैसाबाट १ हजार २ सय रुपैयाँ बचाएर बाढीपीडितलाई सहयोग गरेका छन्।

दशैं र तिहार विदेशमा बस्ने नेपालीहरूका लागि घर फर्किने, आफन्त तथा मान्यजनसँग भेटघाट गर्ने अत्यन्तै महत्वपूर्ण पर्व मानिन्छन्।

भण्डारीले सन् २०२१ देखि युएईमा डबल डेकर पर्यटक बस चालकका रूपमा काम गरिरहेकी छन्। उनले बाढीबाट भएको विनाशबारे भिडियो र अपडेटहरू हेरेपछि आफ्नो यात्राका लागि बचत गरेको पैसा बाढीपीडितलाई सहयोग गर्ने निर्णय गरेको गल्फ न्युजलाई बताएकी छन्। नेपाल-दुबई रिटर्न टिकटको हवाई भाडा ७५ हजार रुपैयाँ हाराहारीमा छ।

'म दिनभर रोएँ'

भण्डारीले बाढीमा कयौं परिवारले आफ्ना प्रियजन, घर, जग्गा र जीविकोपार्जन गुमाएको समाचार देखेपछि आफू गहिरो रूपमा प्रभावित भएको उल्लेख गरेकी छन्।

यद्यपि उनको घर त्रिशूली वा नुवाकोटमा छैन, तर उनले अन्य नेपालीले जस्तै पीडितहरूसँग बलियो व्यक्तिगत सम्बन्ध महसुस गरेको बताइन्।

भण्डारीलाई उद्धृत गर्दै गल्फ न्युजले लेखेको छ, 'मैले जे देखें, त्यो हृदयविदारक थियो। परिवारहरूले आफ्ना प्रियजन गुमाए। मानिसहरूले आफ्नो घर, जग्गा र आफूले काम गरेका सबै कुरा गुमाए। केही घण्टामै सम्पूर्ण जीवन परिवर्तन भयो। म दिनभरि रोएँ। मेरा आँखाहरू सुकेनन्। विश्वभर जहाँसुकै नेपाली बसोबास गरौं, हामी एउटै परिवार हौं। यस्तो समयमा हामी प्रत्येकले आफ्नो क्षमताअनुसार जे जति गर्न सक्छौं, योगदान गर्नुपर्छ।'

राष्ट्रिय सभामा सरकारको आलोचना

उद्धारमा ढिलाइदेखि ग्यास अभावसम्म उठाए प्रश्न



काठमाडौं/मस- भोटेकोशी बाढीपछिको उद्धार तथा राहतमा ढिलाइ भएकोदेखि बजारमा देखिएको ग्यास अभावसम्मका विषयमा राष्ट्रिय सभाका सांसदहरूले सरकारको गम्भीर ध्यानाकर्षण गराएका छन्। बुधबार बसेको राष्ट्रिय सभाको शून्य समयमा सांसदहरूले भोटेकोशी बाढीबाट भएको जनधनको क्षति, सुरुडमा फसेका तथा सम्पर्कविहीन नागरिकको खोजी, प्रभावित क्षेत्रमा राहत वितरण, सडक अवरोध, हवाई भाडा वृद्धि, ग्यास अभावलगायतका विषय उठाएका हुन्।

सांसद कृष्णबहादुर रोकायाले भोटेकोशी बाढीमा ठुलो जनधनको क्षति भएको उल्लेख गर्दै विपद्बाट प्रभावित गर्भवती, सुत्केरी, बालबालिका तथा ज्येष्ठ नागरिकको स्वास्थ्यलाई प्राथमिकतामा राख्न सरकारको ध्यानाकर्षण गराए। सांसद घनश्याम रिजालले विपद्को सुरुवाती चरणमा देखिएको सरकारी तत्परतापछि पछिल्ला दिनमा उद्धार, राहत र पुनर्स्थापनामा प्रदेश तथा स्थानीय सरकारसँग आवश्यक समन्वय हुन नसकेको बताए।

सांसद पदमबहादुर परियारले कृष्णभीरको पहिरोका कारण पृथ्वी राजमार्ग अझै पूर्ण रूपमा सञ्चालनमा आउन नसकेको भन्दै तत्काल दीर्घकालीन समाधान खोज्न सरकारसँग माग गरे। सांसद पूजा चौधरीले विपद्का कारण परिवार, आफन्त, घरबार र सम्पती गुमाएका रसुवाका नागरिकमाथि सामाजिक सञ्जालमा गालीगलौज तथा अपमानजनक टिप्पणी भइरहेको भन्दै आपत्ति जनाइन्। सांसद विष्णुकुमारी सापकोटाले बजारमा खाना पकाउने ग्यासको अभाव देखिएको भन्दै तत्काल आपूर्ति सहज बनाउन माग गरिन्। सांसद विष्णुबहादुर विश्वकर्माले अघिल्लो वर्ष भएको हिंसात्मक घटनाबारे गौरीबहादुर कार्की नेतृत्वको छानबिन समिति तथा राष्ट्रिय मानव अधिकार आयोगले तयार पारेका प्रतिवेदन सार्वजनिक गर्न माग गरे। सांसद कृष्णप्रसाद अधिकारीले भोटेकोशी बाढीपछि उद्धार कार्यलाई युद्धस्तरमा अघि बढाउन नसकिएको बताए। उनले त्रिशूली-३ ए, त्रिशूली-३ बी, चिलिमे हाइड्रो तथा रसुवागढी हाइड्रोका सुरुङमा रहेका कर्मचारी, कामदार तथा मजदुर अझै जीवित रहेको आशामा परिवार पर्खिरहेको उल्लेख गर्दै खोज तथा उद्धारलाई तिव्र बनाउन माग गरे।

पुरिएका घर, भग्नावशेष तथा सार्वजनिक संरचनामा खोजी र उत्खनन तिव्र बनाउन तथा शव व्यवस्थापन र राहत वितरणमा स्थानीय तहसँग प्रभावकारी समन्वय गर्नसमेत उनले सरकारको ध्यानाकर्षण गराए।

पाठ्यपुस्तकबाट रंगमञ्चमा 'एक चिहान'



काठमाडौं/मस- कक्षा १२ को नेपाली विषयको पाठ्यक्रममा समावेश हृदयचन्द्रसिंह प्रधानद्वारा लिखित चर्चित सामाजिक उपन्यास 'एक चिहान' अहिले नाटकका रूपमा विद्यार्थीमाझ प्रस्तुत हुन थालेको छ। यसैक्रममा काठमाडौं मोडेल सेकेन्डरी स्कुल (केएमसी) वागबजार र बालकुमारीमा कक्षा १२ मा अध्ययनरत करिब ३ हजार विद्यार्थीले काठमाडौंस्थित नेपाल प्रज्ञा-प्रतिष्ठान, कमलादीमा 'एक चिहान' नाटक अवलोकन गरेका छन्।

साहित्यिक कृतिलाई पुस्तकमा पढेर मात्र नभई मञ्चमार्फत प्रत्यक्ष अनुभव गराउने उद्देश्यले नाटक प्रदर्शन गरिएको हो। 'एक चिहान' नेपाली साहित्यको महत्वपूर्ण सामाजिक यथार्थवादी कृति हो। उपन्यासले तत्कालीन नेपाली समाज, गरिब किसान तथा श्रमिक वर्गको जीवन, आर्थिक अभाव, सामाजिक विभेद, संघर्ष र मानवीय संवेदनालाई प्रस्तुत गरेको छ। कक्षा १२ को नेपाली पाठ्यक्रममा समेत पाठ्यपुस्तकमा पढेको कथा, पात्र र सामाजिक परिवेशलाई प्रत्यक्ष रूपमा बुझ्न सहयोग पुऱ्याएको छ। त्यस्तै, नेपाली विभाग प्रमुख देवेन्द्र नेपालले पुस्तक पढ्दा कल्पना गर्नुपर्ने पात्र तथा घटनालाई कलाकारको अभिनय, संवाद, दृश्य र मञ्चीय प्रस्तुतिमार्फत प्रत्यक्ष हेर्न पाउँदा विद्यार्थीको सिकाइ झझ प्रभावकारी बन्ने बताए।

'एक चिहान' पाठका रूपमा समावेश छ। उपन्यासलाई एच.पी. मगरले नाट्य रूपान्तरण गरेका हुन् भने कल्पना थापा निर्माता र सागर कार्की निर्देशक रहेका छन्। नाटकमा विकास जोशी, कल्पना थापा, रश्मी गुरुङ, नारायण भण्डारी, पुरन राई, प्रदीप विश्वकर्मा, गोविन्दराज खड्का, मुकेश विश्वकर्मा, सांकेनाम राई, रचना पाण्डे, सरस्वती खड्का, सुनिलकुमार राना, दिरेन कार्की, तुलसी राई र अञ्जना दुलाललगायत कलाकारको अभिनय रहेको छ।

केएमसीका अतिरिक्त क्रियाकलाप प्रमुख डा.अमित घर्तीका अनुसार नाटकले विद्यार्थीलाई 'एक चिहान'को नाट्य प्रस्तुति गरिएको हो।

अनुहार नमिलेपछि जेन-जीका ४५ सालिक अनावरण कार्यक्रम स्थगित



ललितपुर/मस- सातदोबाटोस्थित स्विमिङ पुल कम्प्लेक्स परिसरमा निर्माण गरिएका जेन-जी आन्दोलनका ४५ जना सहिदको सालिक अनावरण कार्यक्रम स्थगित भएको छ।

निर्माण गरिएका सालिक सहिदहरूको वास्तविक अनुहारसँग नमिलेको भन्दै परिवारका सदस्यहरूले आपत्ति जनाएपछि अनावरण कार्यक्रम रोकिएको हो। परिवारले सालिकको अनुहार सच्याएपछि मात्रै अनावरण गर्न दिने अडान लिएपछि कार्यक्रम स्थगित गरिएको हो। सालिक अनावरण कार्यक्रममा सहभागी हुन सातदोबाटो पुगेका गृहमन्त्री सुधन गुरुङसमेत अनावरण नगरी फर्किएका छन्। परिवारको माग सम्बोधन गरेपछि मात्रै अनावरण प्रक्रिया अघि बढाउने तयारी गरिएको बताइएको छ।

सातदोबाटोस्थित स्विमिङ पुल कम्प्लेक्सको पार्कमा जेन-जी आन्दोलनका क्रममा ज्यान गुमाएका ४५ जना सहिदको सम्झनामा सालिक निर्माण गरिएको हो। परिवारका सदस्यहरूले आफ्ना आफन्तको पहिचान र वास्तविक स्वरूपसँग जोडिएको विषय भएकाले सालिक निर्माणमा गम्भीरता अपनाउनुपर्ने बताएका छन्।

Government of Nepal
Ministry of Home Affairs
Sudurpaschim Province Police Hospital
Dipayal, Doti, Nepal

Invitation for Bids

Date of Publication : 2083-05-25

Invitation for Bids No : SPPPH/NCB/02/2083/084

SPPPH Dipayal, Doti invites Hardcopy (Bolpatra) Bids from eligible bidders for the procurement of Package-1 (Medicine,) and Package-2 Surgical Chemicals and X-ray film items under NCB-*Single Stage Two Envelope*. A Complete set of Bidding Documents may be purchased from the Office of Sudurpashchim Province Police Hospital Branch, Dhangadhi, Kailali eligible Bidders on the submission of a written application, along with the copy of company/firm registration certificate and payment of a non-refundable fee of 3000/- till 2083/06/14 *during office hours and Bids must be submitted before 2083/06/15 at 12:00*. Bidding document cost and Bid Security deposit in Bank as follow:

Name of the Bank : Rastriya Banijya Bank Ltd, Silgadhi, Doti, Nepal.
Name of the Office : Sudurpashchim Province Police Hospital, Dipayal, Doti. Ph.09-590668
Office Code No.: 314047106 Dharauti Khata no:- 4100100102030000 (Ko.Le.Ni Ka.Silgadhi Doti)
Bid Document Cost : Rs.3000/- Rajaswa (Revenue) Shirshak no. :14229
Note:- The detailed notice is published in office notice board and PPMO Website On 2083-05-25.

कुवेतमा रोजगार कम्पनी: GALATICO CAFETERIA COMPANY शहर: KUWAIT
पूर्व स्वीकृत मिति: २०८३/०५/२३ चलानी नं.: ६०२६०४१७ L.T. No.: 347707

सि. नं.	कामदारको पद	माग संख्या पुरुष	माग संख्या महिला	न्यूनतम योग्यता	मासिक तलब KD	मासिक तलब ने. रू.	ओभर टाईम सुविधा	प्रतिदिन काम गर्ने घण्टा	हप्तामा काम गर्ने दिन	बाँकि विदा	खाना सुविधा	बस्ने सुविधा	करार अवधि
1.	Sales Girls	0	14	स. कामना दक्ष	150	७४,७६८	क.नि. अनुसार	८ घण्टा	६ दिन	क.नि. अनुसार	छ		२ वर्ष

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८३ असोज १ गते (17 September 2026) मा हुनेछ।

SHARON MANPOWER SERVICES PVT.LTD.
Govt Lic No.: 647/063/064
P.O. Box : 10443, Maharajgunj-04, Kathmandu, Kapan Marg
Phone : 01-4370530, 01-4370922, 01-4370457, URL: www.sharonmanpower.com
Email: sharonhrsolution@gmail.com, Info@sharonmanpower.com
Saroj Gautam : 9851038901 Basant Rana : 9801026390

यूएईमा रोजगार कम्पनी : FAHEEM AHMAD ELECTROMECHANICAL EQUIPMENT INSTALLATION AND MAINTENANCE शहर: UAE
पूर्व स्वीकृत मिति: २०८३/०५/२८ चलानी नं.: ६०२६०४०६ L.T. No.: 347695

सि. नं.	कामदारको पद	माग संख्या पुरुष	माग संख्या महिला	न्यूनतम योग्यता	मासिक तलब AED	मासिक तलब ने. रू.	ओभर टाईम सुविधा	प्रतिदिन काम गर्ने घण्टा	हप्तामा काम गर्ने दिन	बाँकि विदा	खाना सुविधा	बस्ने सुविधा	करार अवधि
1.	Electrician	3	0	सम्बन्धित कामना दक्ष	1500	६१८४५	क.नि. अनुसार	८ घण्टा	६ दिन	क.नि. अनुसार	छ		२ वर्ष
2.	Bldg. Painter	5	0		1500	६१८४५							
3.	Mason (Stone)	4	0		1500	६१८४५							
4.	Building Construction Plumbers	5	0		1500	६१८४५							

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८३ असोज १ गते (17 September 2026) मा हुनेछ।

NEW LIGHT INTERNATIONAL PVT.LTD. Govt.Lic.No. 1403/074/075
Samakushi, Kathmandu, Tel.: 97701-4380173-4384185
Mobile No: 9851081269.9851006371, 981-3065702 | Email: info.newlight1403@gmail.com

गरिमा म्युचूअल फण्ड
अन्तर्गत सञ्चालित बन्दमुखी योजना
गरिमा सुवर्ण योजना
धितोपत्र सम्बन्धी ऐन, २०६३ तथा सामूहिक लगानी कोष नियमावली, २०६७ बमोजिम
नेपाल धितोपत्र बोर्डबाट २०८२।१०।२१ मा योजना सञ्चालन अनुमति प्राप्त
खुलामुखी योजना

संक्षिप्त वार्षिक वित्तीय विवरण (लेखापरीक्षण भएको)

२०८३ आषाढ मसान्तको वासलात

विवरण	आषाढ मसान्त २०८३ रकम (रु.)	आषाढ मसान्त २०८२ रकम (रु.)
सम्पत्ति		
गैर चालु सम्पत्ति		
ऋणपत्र (Financial Assets Measured at Amortised Cost)	३७,५२०,५७९	-
चालु सम्पत्ति		
मुद्दती निक्षेप	-	-
सूचीकृत शेयर	४२१,९२१,९१०	-
बैंक मौज्दात	२३१,८२३,९०५	-
अन्य सम्पत्ति	१,६५६,७६१	-
जम्मा सम्पत्ति	६९२,९२३,१५६	-
पूँजी तथा दायित्व		
चालु दायित्व	४,११२,९४१	-
खुद सम्पत्तिमा इकाईधनीहरुको श्रेय	६८८,८१०,२१५	-
जम्मा पूजी तथा दायित्व	६९२,९२३,१५६	-
प्रति इकाई खुद सम्पत्ति मूल्य	९.६३	-

२०८३ आषाढ मसान्तसम्मको आय व्यय विवरण

विवरण	आषाढ मसान्त २०८३ रकम (रु.)	आषाढ मसान्त २०८२ रकम (रु.)
आम्दानी		
शेयर बिक्रीबाट प्राप्त आम्दानी	३४५,८०५	-
ब्याज आम्दानी	१,३७५,९६१	-
लाभांश आम्दानी	-	-
अन्य आम्दानी	८५८	-
शेयर लगानीबाट प्राप्त भईनसकेको आम्दानी	(१८,४०८,६१४)	-
जम्मा आम्दानी	(१६,६८५,९९१)	-
खर्च		
पूर्व सञ्चालन खर्च	४,३३८,८४०	-
योजना व्यवस्थापक शुल्क	२,९८१,४५३	-
डिपोजिटरी शुल्क	३९७,५२७	-
कोष सुपरिवेक्षक शुल्क	३९७,५२७	-
सञ्चालन खर्च	१,७६१,६४८	-
जम्मा खर्च	९,८७६,९९५	-
कुल नाफा/(नोक्सान)	(२६,५६२,९८५)	-

२०८३ आषाढ मसान्तसम्मको नगद प्रवाह विवरण

विवरण	आषाढ मसान्त २०८३ रकम (रु.)	आषाढ मसान्त २०८२ रकम (रु.)
क. कारोबार संचालनबाट नगद प्रवाह		
यस वर्षको खुद नाफा/नोक्सान	(२६,५६२,९८५)	-
समायोजनहरु:		
प्राप्त भइनसकेको लाभमा (वृद्धि)/कमी	१८,४०८,६१४	-
दायित्वमा वृद्धि/(कमी)	४,११२,९४१	-
शेयरमा (वृद्धि)/कमी	(४४०,३३०,५२४)	-
ऋणपत्र खरिद प्रिमियम अमोर्टाइजेसन	५७७,७३९	-
मुद्दती निक्षेपमा (वृद्धि)/कमी	-	-
अन्य सम्पत्तिमा (वृद्धि)/कमी	(१,६४९,७६१)	-
कारोबार संचालनबाट भएको नगद प्रवाह (१)	(४४५,४४३,९७७)	-
ख. वित्तीय कारोबारबाट नगद प्रवाह		
इकाई पुँजीमा वृद्धि/(कमी)	७१५,३७३,२००	-
इकाईधनीबाट प्राप्त हुन बाँकी (इकाइ प्राप्य)	(७,०००)	-
लाभांश भुक्तानी	-	-
वित्तीय कारोबारबाट भएको नगद प्रवाह (२)	७१५,३६६,२००	-
ग. लगानी कारोबारबाट नगद प्रवाह		
वित्तीय सम्पत्तिमा (ऋणपत्र खरिद) मा (वृद्धि/कमी)	(३८,०९८,३१८)	-
लगानी कारोबारबाट भएको नगद प्रवाह (३)	(३८,०९८,३१८)	-
सम्पूर्ण गतिविधिबाट भएको नगद प्रवाह (१+२+३)	२३१,८२३,९०५	-
शुरुको नगद तथा बैंक मौज्दात	-	
अन्तिम नगद तथा बैंक मौज्दात	२३१,८२३,९०५	-

कोष प्रवर्द्धक
गरिमा विकास बैंक लिमिटेड
Garima Bikas Bank Limited
बालुवाटार, काठमाडौं-०३
फोन नं.: ०१-४५४५४२४/२५
इमेल: info@garimabank.com.np
वेबसाइट : www.garimabank.com.np

योजना व्यवस्थापक तथा डिपोजिटरी
गरिमा क्यापिटल लिमिटेड
Garima Capital Limited
कमलपोखरी, काठमाडौं - ०१
फोन नं.: ०१-४५२९१४९/ ५०
इमेल: info@garimacapital.com
वेबसाइट : www.garimacapital.com

कर्जा चुक्ता भुक्तानी गर्ने सम्बन्धी ३५ (पैतिस) दिने अत्यन्त जरूरी सूचना

(प्रकाशित मिति २०८३ साल भदौ महिना २५ गते विहीबार)

यस विकास बैंकको शाखा कार्यालयहरुबाट तपशिलमा उल्लेखित ऋणीहरुले विभिन्न शीर्षक अर्न्तगत लिएको कर्जाको साँवा, ब्याज र अन्य दै-दस्तुर समेत तिर्ने बुझाउने सम्बन्धमा बैंकसंग गरेको शर्त कबुलियत उल्लंघन गर्नु भएको र बैंकबाट पटक पटक मौखिक तथा लिखित रुपमा तरताकेता गर्दा समेत सो कर्जाको तिर्नु बुझाउनु पर्ने साँवा, ब्याज तथा हर्जाना समेत चुक्ता भुक्तान गर्न आउने तर्फ कुनै चासो नदेखाउनु भएको र नआउनु भएकोले यो सूचना प्रकाशित भएको मितिले ३५ (पैतिस) दिन भित्रमा बैंकलाई तिर्न बुझाउनु पर्ने सम्पूर्ण साँवा, ब्याज तथा हर्जाना ब्याज समेत चुक्ता भुक्तान गर्न आउनुहुन यो सूचना प्रकाशित गरिएको छ। यो सूचना प्रकाशित भएको मितिले ३५ दिन भित्र यस संस्थामा सम्पर्क राखी संस्थाबाट लिएको कर्जाको सम्पूर्ण सावां, ब्याज र अन्य दै दस्तुर चुक्ता भुक्तान गर्नु होला। उक्त अवधि भित्र तपाईले यस संस्थाबाट लिएको कर्जाको साँवा, ब्याज र अन्य दै दस्तुर चुक्ता भुक्तान नगरे मा तपाई तथा तपाईको एकाघरसंगोलका अंशियार सदस्यहरुको नाममा रहेको चल अचल सम्पत्ति बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३ को दफा ५७ उपदफा १ ले दिएका अधिकार प्रयोग गरी लिलाम बिक्री गरी संस्थाले आफ्नो सम्पूर्ण लेना रकम असुल उपर गरी लिने व्यहोरा अवगत गराउंदछौं। सो मार्फत पनि संस्थाको सम्पूर्ण लेना रकम असूल उपर नभएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३, बैंक तथा वित्तीय संस्था ऋण असूली ऐन २०५८ र सोको नियमावली तथा प्रचलित कानून अनुसार ऋणी तथा व्यक्तिगत धनजमानीकर्ताको अन्य चल अचल जायजेथा श्रीसम्पत्तिबाट बांकी साँवा, ब्याज हर्जाना तथा अन्य दै दस्तुर असूल उपरका लागि अन्य कानूनी प्रकृया अगाडी बढाईने व्यहोरा ऋणी तथा धनजमानीकर्ताहरु तथा सम्बन्धित सबैलाई यो सूचना मार्फत सूचित गरिन्छ। साथै उक्त अवधि भित्र कर्जा चुक्ता नभएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा ५७ को उपदफा ११ अनुसार ऋणी र व्यक्तिगत धनजमानीकर्ताको तीन पुस्ते विवरण कर्जा सूचना केन्द्र लि.को कालो सूचीमा नाम समावेश गरिने व्यहोरा समेत जानकारी गराईन्छ।

१) शाखा कार्यालय : आर्दशनगर शाखा तपशिल **कर्जा शीर्षक : प्रोफेशनल आवधिक कर्जा**

ऋणीको विवरण

रेनु प्रसाद श्रीवास्तवको नाति राधा किशनलालको छोरा पर्सा जिल्ला वीरगंज उ.म.न.पा. वडा नं. १६ हाल, विरगंज म.न.पा. वडा नं. १३ बस्ने **प्रमोद प्रसाद श्रीवास्तव** (ना.प्र.नं. : ३४३०२२/१५७ जारी मिति र जिल्ला : २०६३/१२/१५, पर्सा)

व्यक्तिगत धनजमानीकर्ताहरुको विवरण

राधा किशनलालको बुहारी प्रमोद प्रसाद श्रीवास्तवको पत्नी बारा जिल्ला फेटा वडा नं. ६ हाल, पर्सा जिल्ला वीरगंज म.न.पा. वडा नं. १३ बस्ने **ललीता कुमारी** (ना.प्र.नं. : १५१३/१८९० जारी मिति र जिल्ला : २०४५/०२/३१, बारा)

२) शाखा कार्यालय : आर्दशनगर शाखा **कर्जा शीर्षक : सामुहिक आवधिक कर्जा**

ऋणीको विवरण

बिशुन राउत अहिरको नाति रामचन्दर राउतको छोरा बारा जिल्ला पशुरामपुर गा.वि.स. वडा नं. १ हाल, महागढीमाई न.पा. वडा नं. ८ बस्ने **मुकेश प्रसाद यादव** (ना.प्र.नं. : ३३-०१-७३-०७५४४ जारी मिति र जिल्ला : २०७३/०९/१९, बारा)

व्यक्तिगत धनजमानीकर्ताहरुको विवरण

रामचन्द्र राउत अहिरको बूहारी मुकेश प्रसाद यादवको पत्नी बारा जिल्ला पशुरामपुर वडा नं. १ हाल, महागढीमाई न.पा. वडा नं. २ बस्ने **रम्भा कुमारी यादव** (ना.प्र.नं. : ३४-०१-७४-०५५७५ जारी मिति र जिल्ला : २०७४/०५/२६, बारा)

३) शाखा कार्यालय : धनगढी शाखा **कर्जा शिर्षक : साधारण कर्जा**

ऋणीको विवरण

शेर बहादुर शाहीको बुहारी नरेन्द्र बहादुर शाहीको पत्नी कैलाली जिल्ला धनगढी न.पा वडा नं. ४ हाल, धनगढी उ.म.न.पा वडा नं. ५ बस्ने **कबिता शाही** (ना.प्र.नं. : ६७-०१-७०-०२३५६ जारी मिति र जिल्ला : २०७०/०३/१४, कैलाली)

व्यक्तिगत धनजमानीकर्ताहरुको विवरण

१) नर बहादुर शाहीको नाति शेर बहादुर शाहीको छोरा कैलाली जिल्ला धनगढी वडा नं. ४ हाल, धनगढी उ.म.न.पा वडा नं. ५ बस्ने **नरेन्द्र बहादुर शाही** (ना.प्र.नं. : ८१२७ जारी मिति र जिल्ला : २०५२/०९/०४, कैलाली)

२) भक्त बहादुर खड्काको नाति भीम बहादुर खड्काको छोरा डडेल्धुरा जिल्ला देवलदिव्यपुर गा.वि.स वडा नं. ५ हाल, कैलाली जिल्ला धनगढी उ.म.न.पा वडा नं. ५ बस्ने **रबिन्द्र खड्का** (ना.प्र.नं. : ६५/१०३२९ जारी मिति र जिल्ला : २०५१/०२/०९, डडेल्धुरा)

३) शेर बहादुर सावदको बुहारी शंकर बहादुर सावदको पत्नी कंञ्चनपुर जिल्ला रैकवारविचुवा वडा नं. ७ हाल, कैलाली जिल्ला धनगढी उ.म.न.पा वडा नं. २ बस्ने **क्षितीज सावद** (ना.प्र.नं. : ७५१०१९/४४२ जारी मिति र जिल्ला : २०६५/०५/२६, कंञ्चनपुर)

४) शाखा कार्यालय : डुम्रे शाखा **कर्जा शीर्षक : सामुहिक कर्जा**

ऋणीको विवरण

हिरा बहादुर बानीयाको बुहारी ठमर बहादुर बानीयाको पत्नी सिन्धुपाल्चोक जिल्ला इन्द्रावती गा.पा. वडा नं. ३ हाल, तनहुँ जिल्ला बन्दीपुर गा.पा. वडा नं. १ बस्ने **कोपिला खत्री (बाँनिया)** (ना.प्र.नं. : ४१४५/९५२/३०७८९-काठमाडौं जारी मिति र जिल्ला : २०४७/०५/०३, सिन्धुपाल्चोक)

व्यक्तिगत धनजमानीकर्ताहरुको विवरण

१) हस्त बहादुर आचार्यको बुहारी दुर्गा आचार्यको पत्नी सिन्धुपाल्चोक जिल्ला कुन्चोक वडा नं. ९ हाल, तनहुँ जिल्ला बन्दीपुर गा.पा. वडा नं. १ बस्ने **आशा आचार्य** (ना.प्र.नं. : २४३०३४/३०२ जारी मिति र जिल्ला : २०६३/११/२९, सिन्धुपाल्चोक)

२) खड्ग बहादुर बानियाको नाति हिरा बहादुर बानीयाको छोरा सिन्धुपाल्चोक जिल्ला कुन्चोक गा.वि.स. वडा नं. ९ हाल, तनहुँ जिल्ला बन्दीपुर गा.पा. वडा नं. १ बस्ने **ठमर बहादुर बाँनिया** (ना.प्र.नं. : ५५८२ जारी मिति र जिल्ला : २०४५/०२/२३, सिन्धुपाल्चोक)

५) शाखा कार्यालय : टांडी शाखा **कर्जा शीर्षक : साधारण कर्जा**

ऋणीको विवरण

धने टमट्टाको नाति धाडरे टमट्टाको छोरा अछाम जिल्ला दर्ना वडा नं. ४ हाल, चितवन जिल्ला खैरहनी न.पा. वडा नं. २ बस्ने **रमेश ताम्राकार** (ना.प्र.नं. : ६९१०३३/२२५०० जारी मिति र जिल्ला : २०६८/०८/०२, अछाम)

व्यक्तिगत धनजमानीकर्ताहरुको विवरण

१) धने टमट्टाको नाति धाडरे टमट्टाको छोरा अछाम जिल्ला बान्गीगढी जयगढ गा.पा. वडा नं. ६ बस्ने **नृप टमट्टा** (ना.प्र.नं. : ३८१८० जारी मिति र जिल्ला : २०६२/०९/०६, अछाम)

२) नन्द बहादुर पुलामीको नातिनी शिवबहादुर पुलामी मगरको छोरी मकवानपुर जिल्ला मकवानपुरगढी वडा नं. ३ हाल, चितवन जिल्ला खैरहनी न.पा. वडा नं. २ बस्ने **सविना पुलामी** (ना.प्र.नं. : ३११०११/८१०३७ जारी मिति र जिल्ला : २०६७/१२/०३, मकवानपुर)

६) शाखा कार्यालय : टांडी शाखा **कर्जा शीर्षक : साधारण कर्जा**

ऋणीको विवरण

मगले परियारको नाति गज बहादुर परियारको छोरा चितवन जिल्ला चैनपुर वडा नं. ९ हाल, खैरहनी न.पा. वडा नं. ४ बस्ने **अमर परियार** (ना.प्र.नं. : ३५३०१५/६५२ जारी मिति र जिल्ला :२०६३/१०/२५, चितवन)

व्यक्तिगत धनजमानीकर्ताहरुको विवरण

१) पुन बहादुर परियारको छोरी मगले परियारको बुहारी गज बहादुर परियारको पत्नी चितवन जिल्ला पिठुवा वडा नं.९ हाल, खैरहनी न.पा. वडा नं. ४ बस्ने **धनमाया परियार** (ना.प्र.नं. : ४७६१ जारी मिति र जिल्ला : २०५२/०२/०८, चितवन)

२) छविलाल परियारको नाति सुकमान दमैको छोरा चितवन जिल्ला शक्तिखोर गा.वि.स वडा नं. ४ हाल, कालिका न.पा. वडा नं. ८ बस्ने **किशोर परियार** (ना.प्र.नं. : ३५१०१४/७६० जारी मिति र जिल्ला : २०६८/१२/०१, चितवन)

७) शाखा कार्यालय : लहान शाखा **कर्जा शिर्षक : साधारण कर्जा**

ऋणीको विवरण

बेचन ठाकुर वडहीको छोरी तुलसी ठाकुरको बुहारी मुकेश कुमार शर्माको पत्नी सिरहा जिल्ला अर्नामा गा.पा. वडा नं. ४ हाल, गोलबजार न.पा. वडा नं. १३ बस्ने **पुनिता कुमारी शर्मा** (ना.प्र.नं. : १५-०१-७५-१२३८४ जारी मिति र जिल्ला : २०७५/११/०४, सिरहा)

व्यक्तिगत धनजमानीकर्ताहरुको विवरण

१) नथुनि ठाकुरको नाति तुलसी ठाकुरको छोरा सिरहा जिल्ला गौरीपुर गा.वि.स वडा नं. ३ हाल, गोलबजार न.पा. वडा नं. १३ बस्ने **मुकेश कुमार शर्मा** (ना.प्र.नं. : १५-०१-७२-०३३५३ जारी मिति र जिल्ला : २०७२/०७/१०, सिरहा)

२) उचित ठाकुरको नाति रौदी ठाकुर हजामको छोरा सिरहा जिल्ला असनपुर वडा नं. ३ हाल, गोलबजार न.पा. वडा नं. ४ बस्ने **उमाकान्त ठाकुर** (ना.प्र.नं. : २५७/९३३ जारी मिति र जिल्ला : २०५३/०६/२२, सिरहा)

८) शाखा कार्यालय : लहान शाखा **कर्जा शिर्षक : साधारण कर्जा**

ऋणीको विवरण

दशरथ दास तत्माको छोरी राज कुमार साहु हलुवाईको बुहारी संतोष कुमार साहु हलुवाईको पत्नी सिरहा जिल्ला लहान वडा नं. ३ हाल, लहान न.पा. वडा नं. ८ बस्ने **आशा कुमारी दास** (ना.प्र.नं. : १५३००५/२५० जारी मिति र जिल्ला : २०६३/१२/२९, सिरहा)

व्यक्तिगत धनजमानीकर्ताहरुको विवरण

१) रघुवर साहु हलुवाईको नाति राज कुमार साहु हलुवाईको छोरा सिरहा जिल्ला लहान वडा नं. ८ हाल, लहान न.पा. वडा नं. ८ बस्ने **संतोश कुमार साहु हलुवाई** (ना.प्र.नं. : ५२६०८२५२ जारी मिति र जिल्ला : २०५७/०२/२९, सिरहा)

२) रघुवर साहु हलुवाईको नातिनी राज कुमार साहु हलुवाइको छोरी सिरहा जिल्ला लहान न.पा. वडा नं. ८ हाल, लहान न.पा. वडा नं. ८ बस्ने **रन्जना कुमारी साह** (ना.प्र.नं. : १५१००५/११२ जारी मिति र जिल्ला : २०६४/०८/२३, सिरहा)

९) शाखा कार्यालय : मानेभञ्ज्याङ्ग शाखा **कर्जा शिर्षक : सामुहिक कर्जा**

ऋणीको विवरण

बल बहादुर पुलामी मगरको बुहारी चन्द्र बहादुर लुम्रेमगरको पत्नी ओखलढुंगा जिल्ला थाक्ले वडा नं. १ हाल, माने भञ्ज्याङ्ग गा.पा. वडा नं. ६ बस्ने **जिरा लुम्रेमगर** (ना.प्र.नं. : २५७२/५४ जारी मिति र जिल्ला : २०४६/०३/०१, ओखलढुंगा)

व्यक्तिगत धनजमानीकर्ताहरुको विवरण

१) बल बहादुर पुलामी मगरको नातिनी चन्द्र बहादुर पुलामी मगरको छोरी ओखलढुंगा जिल्ला मानेभञ्ज्याङ्ग गा.पा. वडा नं. ६ बस्ने **गोमा लुम्रे मगर** (ना.प्र.नं. : १३-०१-७४-०२६१८ जारी मिति र जिल्ला : २०७४/०७/१२, ओखलढुंगा)

२) अमर बहादुर मगरको नाति कुमार बहादुर मगरको छोरा ओखलढुंगा जिल्ला मानेभञ्ज्याङ्ग गा.पा. वडा नं. ६ बस्ने **सुरेश पूर्बछाने मगर** (ना.प्र.नं. : १३-०१-७८-००१६५८ जारी मिति र जिल्ला : २०७८/०७/०९, ओ खलढुंगा)

"नेपाल राष्ट्र बैंकबाट "ख" वर्गको इजाजतपत्र प्राप्त राष्ट्रिय स्तरको विकास बैंक"
मुक्तिनाथ विकास बैंक लि.
MUKTINATH BIKAS BANK LTD.
Central Office: Lazimpat, Kathmandu
Tel.: 01-5970887
Toll Free No.: 16600149999 (NTC), 18102149999 (Ncell)
E-mail: info@muktinathbank.com.np
Web: www.muktinathbank.com.np
जनता बैंकमा होइन, बैंक जनतामा जानु पर्दछ

मध्यान्ह
राष्ट्रिय दैनिक
www.madhyanhadaily.com

सम्पादकीय

लगानीको भरोसा फर्काऊ

गत वर्षको जेनजी आन्दोलनले मुलुकको राजनीतिक समीकरण मात्र बदलेन, अर्थतन्त्रमा पनि गहिरो असर छाड्यो । आन्दोलनका क्रममा निजी तथा सार्वजनिक सम्पत्तिमा भएको आगजनी र तोडफोडबाट करिब ९८ अर्ब रूपैयाँबराबरको आर्थिक क्षति भयो । त्यसको ठुलो हिस्सा निजी क्षेत्रले व्यहोर्नुपऱ्यो । आन्दोलनको एक वर्षपछि पनि निजी क्षेत्र पूर्ण रूपमा सम्हालिन नसक्नु र नयाँ लगानीका लागि उत्साहित नहुनु अर्थतन्त्रका लागि सुखद् संकेत होइन । आन्दोलनका क्रममा सरकारी, निजी, घरपरिवार तथा सामुदायिक सम्पत्तिमा ८४ अर्ब ४५ करोड ७७ लाख रूपैयाँबराबरको भौतिक क्षति भएको तथ्यांक छ । यसमध्ये निजी क्षेत्रतर्फ ३३ अर्ब ५४ करोड ८७ लाख र सार्वजनिक क्षेत्रमा ४४ अर्ब ९३ करोड ७३ लाख रूपैयाँको क्षति भएको थियो । वस्तु तथा सेवा उत्पादनमा मात्रै १३ अर्ब ८७ करोड रूपैयाँबराबरको क्षति पुगेको थियो । यति ठुलो क्षतिपछि निजी क्षेत्रले तत्कालै नयाँ लगानी गर्न हिच्किचाउनु अस्वाभाविक होइन ।

ठुला व्यवसायिक प्रतिष्ठानलाई नै लक्षित गरेर भएको आगजनी र तोडफोडले लगानीकर्ताको मनोबल गिराएको छ । होटल हिल्टन, हायात, भाटभटेनी, वर्णवासलगायतका व्यवसायमा ठुलो क्षति भयो । होटल क्षेत्रमा मात्रै करिब २५ अर्ब रूपैयाँको क्षति भएको बताइएको छ । यद्यपि, संकटपछि पनि व्यवसायीले पुनः उठ्ने प्रयास गरिरहेका छन् । भाटभटेनीले पूर्ण क्षति भएका १२ मध्ये आठवटा स्टोर पुनर्निर्माण गरी सञ्चालनमा ल्याइसकेको छ । बाँकी चारवटा पनि निर्माणको अन्तिम चरणमा छन् । तर केही व्यवसायीको पुनर्निर्माण प्रयासलाई समग्र लगानी वातावरण सुधारिएको संकेत मान्न सकिँदैन ।

राजनीतिक परिवर्तनपछि पनि लगानी विस्तार हुन नसक्नु अझ चिन्ताको विषय हो । आन्दोलनपछिको लामो समय निर्वाचनमा बित्यो । निर्वाचनपछि बलियो सरकार बने पनि निजी क्षेत्रले लगानीका लागि पर्याप्त भरोसा गर्न सकेको छैन । बैंक तथा वित्तीय संस्थामा लगानीयोग्य रकम थुप्रिनु तर व्यवसाय विस्तारका लागि कर्जा माग नबढ्नु अर्थतन्त्रमा रहेको मनोवैज्ञानिक समस्याको संकेत हो । सरकारले निजी क्षेत्रलाई राहत र पुनर्निर्माणको आश्वासन दिएर मात्र पुग्दैन । लगानीको सुरक्षा, सम्पत्तिको संरक्षण, नीतिगत स्थिरता र व्यवसायमैत्री वातावरणको सुनिश्चितता गर्नुपर्छ । आन्दोलनमा क्षति भएका सार्वजनिक संरचनाको पुनर्निर्माणमा भएको ढिलाइले पनि राज्यको क्षमता र प्राथमिकतामाथि प्रश्न उठाएको छ ।

अर्थतन्त्र चलायमान बनाउन निजी लगानी अपरिहार्य छ । निजी क्षेत्रले सुरक्षित महसुस नगरेसम्म रोजगारी, उत्पादन र राजस्व बढ्न सक्दैन । त्यसैले सरकारले विगतको क्षतिको समीक्षा गर्दै लगानीकर्ताको मनोबल बढाउने ठोस कदम चाल्नुपर्छ । निजी सम्पत्तिमाथि फेरि कुनै पनि बहानामा आक्रमण हुँदैन भन्ने विश्वास दिलाउनुपर्छ । लगानीको सुरक्षा र विश्वास फर्काउन सके मात्र राजनीतिक परिवर्तनलाई आर्थिक उपलब्धिमा रूपान्तरण गर्न सकिन्छ ।

पितृसत्ता र नेपाली समाज

आदिम साम्यवादको मातृसत्ता पतन भई निजी सम्पत्ति, एकनिष्ठ परिवार र धर्म-कानुनको विकाससँगै स्थापित पितृसत्ताले महिलालाई परनिर्भर बनायो । नेपालमा जनजाति समाजभित्र मातृसत्ताका केही सांस्कृतिक अवशेष अझै बाँकी रहे तापनि वर्तमानमा सामाजिक, सांस्कृतिक र वर्गीय उत्पीडनले महिलालाई दोस्रो दर्जाकै नागरिकमा सीमित राखेको छ ।

अग्रलेख



● विपेन आदिमा

पितृसत्ता एक सामाजिक व्यवस्था हो, जसका माध्यमबाट सम्पूर्ण सामाजिक, आर्थिक, राजनीतिक र सांस्कृतिक हक, अधिकार तथा निर्णय गर्ने शक्ति पुरुषको हातमा केन्द्रित गराइन्छ । यसले पुरुषलाई उच्च, पवित्र, निर्णायक र शक्तिशाली मान्ने तथा महिलालाई नीच, कमसल, अपवित्र, सहायक र शक्तिहीन ठहराउने विभेदकारी विचारधारा समाजमा स्थापित गरेको हुन्छ । तर, यसको तात्पर्य पुरुष मात्रै पितृसत्तावादी हुन्छन् भन्ने बिल्कुलै होइन । पितृसत्तावादी चेतना बोकेका व्यक्ति महिला वा पुरुष जुनसुकै लिंगका हुन सक्छन् । जसरी बाहुनवादको विरोध गर्नु भनेको कुनै निश्चित बाहुन जातको मान्छेको विरोध गर्नु होइन, त्यसैगरी पितृसत्ताको विरोध गर्नु पनि व्यक्ति पुरुषको विरोध गर्नु होइन । यसर्थ, पितृसत्ता भनेको पुरुषको प्रभुत्व, हैकम वा एकाधिकारलाई स्वाभाविक मानेर स्वीकार गर्ने एउटा सामाजिक प्रवृत्ति र संरचनात्मक शोषण प्रणाली हो ।



एआई

मानव समाज विकासको प्रागैतिहासिक इतिहासलाई हेर्दा महिलाहरू कहिल्यै पनि पुरुषभन्दा प्राकृतिक रूपमा कमजोर वा असक्षम थिएनन् । तर आज विश्वका अधिकांश महिलालाई पुरुषको तुलनामा शारीरिक र मानसिक दुवै रूपमा कमजोर देखाइएको छ र कतिपय सामाजिक अवस्थामा बनाइएको पनि त्यस्तै छ । यदि कुनै पनि समाजका महिलाले आफूलाई पुरुषको तुलनामा स्वतः कमजोर महसुस गर्छन् भने त्यो पुरुषसत्ता तथा नारी उत्पीडनकारी व्यवस्थाले महिलामाथि हजारौं वर्षदेखि गर्दै आएको शोषण र क्रूर दमनको उपज हो ।

गर्भाशयको सिद्धान्त र सिकारी सिद्धान्तजस्ता जीववैज्ञानिक तथा मानवशास्त्रीय सिद्धान्तको आड लिएर नारीलाई प्राकृतिक रूपमै कमजोर साबित गर्न खोजिनु सर्वथा भ्रमपूर्ण छ । यही प्रसंगमा नारीवादी अध्येता एभलिन रिडले आफ्नो पुस्तकमा उल्लेख गरेझैं, स्त्री जातिमा मात्र विद्यमान मातृत्व अंग र मातृत्वसँग सम्बन्धित शारीरिक क्रियाकलापले उनीहरूलाई पुरुषभन्दा भिन्न तुल्याएको कुरामा शंका छैन । तर महिला उत्पीडनका निम्ति प्रकृति वा जैविक बनावट जिम्मेवार छ भन्ने कुरा सही होइन । यसले के पुष्टि गर्छ भने पुरुष र नारीबीचको प्राकृतिक तथा शारीरिक भिन्नता हुनु नै कमजोरीको आधार होइन । महिलामा पाठेघर हुनु, रजस्वला हुनु र बच्चा जन्माएर स्तनपान गराउनु जैविक प्रक्रिया मात्र हुन् । यिनै जैविक कारण देखाएर महिलालाई पुरुषभन्दा कमजोर, अपवित्र र दोस्रो दर्जाका हुन् भन्नू पूर्णतः गलत छ ।

पितृसत्ताको ऐतिहासिक पृष्ठभूमि

मानव समाजको विकासक्रमलाई सूक्ष्म रूपले अध्ययन गर्दा आदिम साम्यवादी युगमा मातृसत्ता कायम थियो । यहाँ मातृसत्ता भन्नाले महिला शासक बनेर पुरुषमाथि उत्पीडन गर्ने व्यवस्था भनिएको होइन, बल्कि लैंगिक समानता र महिलाको नेतृत्वदायी भूमिका रहेको समाज मानिएको हो । मातृसत्तात्मक समाजमा माताको गोत्रअनुसार वंश चलाइन्थ्यो र माताकै सन्तान (विशेषगरी छोरीहरू) उत्तराधिकारी हुन्थे । त्यसबेला पुरुषको कुनै बेग्लै गोत्र हुँदैनथ्यो र पिताको कुनै एकाधिकार वा हैकम चल्दैनथ्यो । बच्चा जन्माउने, हुर्काउने, खाद्यान्नको संकलन, भण्डारण र न्यायोचित वितरण गर्ने तथा परिआएको अवस्थामा पुरुषसँगै सिकार गर्नसमेत जाने हुँदा महिलाप्रति समाजमा उच्च सम्मान थियो ।

बर्बर युगको उत्तरार्धतिर आदिम साम्यवादी युगको पतन हुँदै कृषिको विकास र पशुपालनको सुरुवात हुन थाल्यो । यसै समयमा समाजमा निजी सम्पत्तिको अवधारणाको सुरुवात भएको देखिन्छ । निजी सम्पत्तिको विकाससँगै समाजमा वर्गहरू देखा परे । पुराना युगल परिवारको पतन हुँदै एकनिष्ठ (एकल) परिवारको विकास हुन थालेसँगै सम्पत्तिमा स्वामित्व कायम गर्न पुरुषहरूले एकाधिकार जमाउन थाले । उनीहरूले मातृगोत्रअनुसार चल्ने वंश परम्परालाई भत्काई पिताको गोत्रअनुसार वंश चलाउने र उक्त पिताको पुत्रलाई मात्रै सम्पत्तिको उत्तराधिकारी बनाउने नियम बसाले । फलस्वरूप मातृसत्ता भंग भयो र पितृसत्ताको सुदृढ स्थापना हुन पुग्यो ।

सिमोन द बोवुआरले स्त्रीको स्वतन्त्रता र अधिकार कसरी खोसियो भन्नेबारे उल्लेख गरेअनुसार, बच्चाहरूको जन्मको श्रेय माताभन्दा बढी पुरुषको शुक्राणुलाई दिनासाथ नै परिवार र कबिलामाथि स्त्रीको सहज अधिकार समाप्त भयो । हेनरी मोर्गनको अवधारणाअनुसार पनि गोत्रभित्र विवाहमा प्रतिबन्ध हुन्थ्यो, जसका कारण बच्चा सम्भावित पिताको गोत्रभन्दा भिन्न हुन्थे । तर जब पुरुषहरूले आफ्नो व्यक्तिगत सम्पत्ति आफ्नै सन्तानलाई हस्तान्तरण गर्ने इच्छाका कारण धेरै स्त्रीहरूलाई विवाह गरेर राख्न थाले, त्यसले पितृसत्तावादी परिवारको जग बसालेको हो ।

भारतीय अध्येता नरेन्द्र कुमारका अनुसार इ.पू. ६०० देखि ४०० वर्षको समय निरंकुश केन्द्रीय सत्ताको उदयको समय थियो, जुन बेला कबिला समाज तीव्र रूपमा नगरीय सभ्यतामा रूपान्तरण हुँदै थियो । नगरीय सभ्यताको विकाससँगै पुरुषहरू यौन सम्बन्धका मामिलामा स्वतन्त्र भइसकेका थिए । एकातिर कबिला समाजका स्त्रीहरू पुरुषबाट परित्यक्त हुन थाले भने अर्कोतर्फ युद्धमा मारिएका सैनिकका श्रीमतीहरू जीवनयापन र बच्चाको पालनपोषण गर्न नसक्ने स्थितिमा पुगे । यही विषम परिस्थितिमा आफ्ना कबिला जनजातीय परिवारबाट उपेक्षित तथा नगरीय परिवेशबाट परित्यक्त स्त्रीहरूको एउटा नयाँ वर्ग निर्माण भयो । यी स्त्रीहरूले नै भरणपोषणका लागि बाध्य भएर वेश्यावृत्ति अपनाएका थिए ।

यसरी पितृसत्ताको उदयले महिलामा परनिर्भरता जन्मायो र यसले वेश्यावृत्तिको बाध्यात्मक स्थिति पैदा गरायो । इ.पू. ४०० देखि १०० सम्म आइपुग्दा दासप्रथाको तीव्र विकास भइसकेको थियो । यसै समयमा स्त्रीलाई आर्थिक रूपमा पूरै परनिर्भर तुल्याइयो र उनीहरूलाई पुरुष (पिता, पति वा पुत्र) को आश्रयविना बाँच्नै नसक्ने स्थितिमा पुऱ्याइयो । धार्मिक ग्रन्थमा नारीलाई घटिया प्राणीका रूपमा चित्रित गरियो र समाजमा उनीहरूको अवस्था पतिको सेवा गर्ने दासीजस्तो बन्यो ।

फ्रेडरिक एंगेल्सले आफ्नो चर्चित कृति 'परिवार, निजी स्वामित्व र राज्यको उत्पत्ति' मा यसै परिघटनालाई व्याख्या गर्दै लेख्छन्– मातृसत्ताको पतन नारी जातिको विश्व-ऐतिहासिक स्तरको पराजय थियो । पतिले घरमा शासनको बागडोर आफ्नो हातमा लियो, पत्नी अधिकारच्युत भइन्, दासी बनिन् र सन्तान उत्पादन गर्ने सामान्य यन्त्रमा परिणत भइन् ।

राज्य स्वयं निजी सम्पत्तिकै चरमोत्कर्ष रूप हो । राज्यको स्थापना र विकाससँगै धर्महरूलाई राज्यले आफ्नो हातमा लिएर पितृसत्तालाई थप कठोर र मजबुत बनायो भने पछि त कानुन बनाएरै महिलामाथिको उत्पीडनलाई संस्थागत गरियो । यसर्थ, पितृसत्ता लागू गर्ने मूल अस्त्र धर्म र कानुन हुन् । निजी सम्पत्तिको रक्षाका लागि पुरुषले गर्ने व्यभिचारलाई सामान्य मानिने तर महिलाको चरित्रमाथि प्रश्न उठाई कठोर सजाय दिने दोहोरो मापदण्ड खडा गरियो ।

ढुंगेयुग, दासयुग, सामन्ती युग हुँदै आजको पुँजीवादी युगसम्म आइपुग्दा संसारका सबैजसो मुलुकमा पितृसत्ताकै दबदबा चलेको छ । युग र प्रविधिको परिवर्तनसँगै पितृसत्ताले पनि आफ्नो रूप परिवर्तन (अपडेट) गरेको छ । अत्याधुनिक विज्ञान र प्रविधिको प्रयोगमार्फत यसले आज पनि आर्थिक, राजनीतिक, सामाजिक, सांस्कृतिक, शैक्षिक र कानुनी सबै क्षेत्र र तहहरूमा आफ्नो वर्चस्व कायम राखेको छ ।

नेपाली समाजको सन्दर्भ

नेपाली समाजको प्राचीन इतिहासलाई अध्ययन गर्दा यहाँ कुनै समय मातृसत्तात्मक समाज थियो भन्ने कुरा सहजै अनुमान गर्न सकिन्छ । नेपालमा चीनको ह्वाङ्हो र याङ्सी नदीकिनारमा विकसित भएको मंगोलियन सभ्यताका मानिसहरू आएर बसोबास गरेको इतिहास भेटिन्छ । प्राचीन नेपालमा रहेका किरातलगायत जनजाति समाजमा मातृसत्तात्मक प्रणाली विद्यमान थियो ।

वामपन्थी विश्लेषक मोहन वैद्य 'किरण'ले 'नेपाली समाज र संस्कृति' पुस्तकमा उल्लेख गरेअनुसार, नेपालमा मातृसत्ताबारे सम्पूर्ण लिखित सामग्री नभए पनि उपलब्ध सांस्कृतिक आधारले यसको पुष्टि गर्छन् । आज पनि मगर, गुरुङ, थारू, तामाङ, लिम्बू, राई र नेवारलगायत जनजातिहरूमा मातृसत्तात्मक समाजका अवशेष प्रशस्तै भेटिन्छन् ।

नेपाली समाजमा सामाजिक तथा सांस्कृतिक रूपमा मातृसत्ताका केही विशेषता अझै जीवितै छन् । महिलालाई प्रकृति, भूमि, लक्ष्मी वा देवीका रूपमा पूज्य मान्नु, राई, नेवार र थारू जातिमा नारीलाई कुलको प्रमुख मान्नु, लेप्चा जातिमा महिला पुरोहित हुनु, कुमारी पूजा र भगवती पूजाको परम्परा हुनु, तथा केही समुदायमा विधवा विवाह, पारपाचुके (सम्बन्धविच्छेद) र मामाचेली-फुपूचेला विवाह प्रथा हुनु यसैका ऐतिहासिक प्रमाण हुन् ।

यद्यपि, वर्तमान नेपाल पूर्णतः पितृसत्तात्मक सामाजिक व्यवस्थामा आधारित छ । राष्ट्रिय जनगणनाअनुसार नेपालमा ५१ प्रतिशतभन्दा बढी जनसंख्या महिलाको छ, तर उनीहरू अपवादबाहेक हरेक क्षेत्रमा दोस्रो दर्जाको नागरिक बनाइएका छन् । 'मर्दका दसवटी'जस्ता विभेदकारी उखानहरूको व्यावहारिक प्रयोग अझै मेटिएको छैन । धार्मिक र सांस्कृतिक सत्ताले महिलालाई घरभित्रै कैद गरेको छ । राजतन्त्रकालमा महिला राजा हुन नपाउने परम्परा थियो । गणतन्त्र स्थापनापछि महिला राष्ट्रपति र प्रधानमन्त्रीजस्ता शीर्ष पदमा पुगे तापनि तिनको सोच र कार्यव्यवहार पितृसत्तात्मक ढाँचामै सीमित रह्यो ।

नेपालमा आज लोकप्रियतावादी र उपभोक्तावादी संस्कृति तीव्र रूपमा फैलिरहेको छ । यसका साथै बाहुनवाद, धार्मिक अतिवाद, जातव्यवस्था र वर्गीय उत्पीडनको मार पनि चर्को छ । यी सबै तत्त्वहरू मिलेर पितृसत्तालाई झन् कडा र निर्मम बनाएका छन् । प्रविधिको दुरुपयोग गरी महिलालाई केवल वस्तुकरण गरेर व्यापारिक विज्ञापनको साधन बनाइएको छ ।

आजका महिला बाहिर अफिस वा कार्यस्थलको काम सकेर फेरि घरको सम्पूर्ण काम सम्हाल्न बाध्य छन्, जुन नियम पुरुषका हकमा लागू हुँदैन । कानुनी रूपमा केही अधिकार दिइए तापनि सामाजिक प्रतिष्ठा, परम्परागत मूल्यमान्यता र पारिवारिक दबाबका कारण तिनको प्रभावकारी उपयोग हुन सकेको छैन । अधिकांश नेपाली महिला अझै पनि घरभित्र बेतलबी श्रम गर्दै दास वा अर्धदासजस्तै जीवन जिउन विवश छन् । पितृसत्ता नै नेपाली समाजको अग्रगतिको प्रमुख बाधक बनेको छ ।

निष्कर्ष

विश्व परिप्रेक्ष्यमा प्राचीन इतिहासदेखि वर्तमानसम्म पितृसत्ताकै कारण महिलाको समग्र अवस्था थिलथिलो बनेको छ । नेपालजस्तो आर्थिक रूपमा विपन्न र सामाजिक रूपमा परम्परावादी मुलुकमा यो समस्या अझ पेचिलो र जटिल बनेको छ । पितृसत्ताको समूल उन्मूलनबिना अन्य संरचनात्मक सुधार मात्र गरेर महिलामुक्ति सम्भव छैन । र, महिलाको वास्तविक मुक्तिबिना समग्र मानव समाजकै विकास र समृद्धि पूर्ण हुन असम्भव छ ।

नागरिकको चुलोमा संकट

सेवा



● केशवराज पुरूष

खाना पकाउने ग्यासको गम्भीर अभावले नागरिकको चुलो ठप्प हुँदा सुशासन र नयाँ राजनीतिको नारा दिने रास्वपासहितको सत्ता संरचना गैरजिम्मेवार बनेको छ । कालोबजारी, फितलो अनुगमन र पूर्वतयारीको कमी हटाई सरकारले अविलम्ब सहज वितरण र दीर्घकालीन समाधान खोज्नुपर्छ ।

दैनिक उपभोग्य वस्तु र इन्धनको सहज आपूर्ति सुनिश्चित गर्नु कुनै पनि सार्वभौमसत्तासम्पन्न मुलुकको सरकारको पहिलो र प्राथमिक कर्तव्य हो । नागरिकका न्यूनतम आधारभूत आवश्यकता पूरा गर्न नसक्ने सरकारको औचित्यमाथि सधैं गम्भीर प्रश्न उठ्ने गर्छ । तर, पछिल्लो समय मुलुकभर, विशेषगरी काठमाडौं उपत्यका र आसपासका क्षेत्रमा खाना पकाउने एलपी ग्यासको गम्भीर अभाव सिर्जना भएको छ । बिहान-बेलुकाको छाक टार्ने आधारभूत साधन नै ठप्प भएपछि नागरिक खाली सिलिन्डर बोकेर डिपो र ग्यास पसलमा मध्यरातदेखि घण्टौं लाइन बस्न बाध्य छन् । देशको राजधानीमै नागरिकले भोग्नुपरेको यो सास्तीले आमजनजीवन अत्यन्त कष्टकर र कहालीलाग्दो बनाएको छ ।

सुशासन, राजनीतिक रूपान्तरण र द्रुत सेवा प्रवाहको नारा दिएर नयाँ आशा जगाउँदै सरकार तथा सदनमा दरिलो उपस्थिति जनाएको राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)सहितको सत्ता संरचना र नेतृत्व यस संकटमा पूर्णतः मूकदर्शक बनेको छ । नयाँ राजनीतिक संस्कार र प्रशासनिक चुस्तताको दाबी गर्नेहरू नै नेतृत्वमा रहेको समयमा सिर्जना भएको यो ग्यास संकटले सरकारको फितलो व्यवस्थापन, गैरजिम्मेवारीपन र चरम उदासीनतालाई उदांगो पारिदिएको छ ।

नेपाल आयल निगम र उद्योग मन्त्रालयले बजारमा इन्धनको आयात पर्याप्त रहेको दाबी गरिरहे पनि आमउपभोक्ताले डिपोमा ग्यास पाएका छैनन् । आपूर्ति प्रणालीमा रहेको यही छिद्रको फाइदा उठाउँदै बिचौलिया र व्यापारीले कृत्रिम अभाव सिर्जना गरी महँगो मूल्यमा ग्यास बेचिरहेका छन् । कालोबजारी रोक्न बजारमा प्रभावकारी अनुगमन गर्ने, दोषीमाथि कडा कारबाही गर्ने र वितरण प्रणालीलाई पारदर्शी बनाउने कार्यमा सरकारी निकाय पूर्णतः चुकेका छन् ।

मनसुनी वर्षा र बाढी-पहिरोले मुख्य राजमार्गहरू (जस्तै पृथ्वी राजमार्ग र त्रिभुवन राजपथ) अवरुद्ध हुँदा ग्यास बुलेट र ढुवानीका साधन बीच बाटोमै थन्किएका छन् । प्राकृतिक विपत्ति बाजा बजाएर आउँदैन, तर



सम्भावित जोखिमलाई ध्यानमा राखेर उपत्यकामा पूर्व-भण्डारण क्षमता बढाउनुपर्नेमा सरकारसँग कुनै पूर्वतयारी देखिएन । सडक अवरुद्ध हुनेबित्तिकै आपूर्ति शृंखला छिन्नभिन्न हुनुले सरकारको आपत्कालीन व्यवस्थापन क्षमता कति कमजोर छ भन्ने स्पष्ट पार्छ ।

नीतिगत अस्थिरता

केही समयअघि आधा (७.१ केजी) सिलिन्डर बाँड्ने र पछि एक्कासि पूरा (१४.२ केजी) सिलिन्डर बिक्री खुला गर्दा बजारमा मागको चाप एक्कासि बढेको थियो । यस्ता नीतिगत निर्णय गर्दा ग्यास उद्योगी, वितरक र आमउपभोक्ताबीच पूर्व-सूचना र समन्वयको ठुलो अभाव देखियो, जसले थप भ्रम र सञ्चितीकरणको अवस्था सिर्जना गऱ्यो ।

एकातर्फ देशभित्र उत्पादन भएको जलविद्युत् खपत नभएर खेर गइरहेको छ भने अर्कातिर आयातीत ग्यासका लागि नागरिक घण्टौं लाइन बस्न बाध्य छन् । इन्डक्सन/विद्युतीय चुलोको प्रवर्धन गर्ने, विद्युत् महसुलमा सहुलियत दिने र भोल्टेजको समस्या सुधार गर्नेतर्फ दीर्घकालीन योजना र कार्यान्वयनमा कमी देखिएको छ ।

ग्यास अभाव केवल प्राविधिक वा यातायातको समस्या मात्र होइन, यो सरकारको सुशासन र व्यवस्थापकीय कार्यकुशलताको परीक्षा पनि हो । नयाँ सोच र सुशासनको प्रतिबद्धता जनाएर जिम्मेवारीमा पुगेका दलहरूले यस्ता आधारभूत नागरिक समस्यालाई हल्का रूपमा लिन मिल्दैन ।

सरकारले अविलम्ब वैकल्पिक मार्गबाट ग्यासका ट्रकहरूलाई प्राथमिकताका साथ काठमाडौं ल्याउने र टेकु वा वडास्तरबाटै पारदर्शी रूपमा वितरण गर्ने व्यवस्था मिलाउनुपर्छ । कृत्रिम अभाव सिर्जना गर्ने र तोकिएको भन्दा बढी मूल्य लिने व्यापारीमाथि तत्काल कानुनी कारबाही गरिनुपर्छ । साथै, मुलुकभित्रै विद्युतीय चुलोको प्रयोग बढाउन ठोस प्याकेज ल्याउने र ग्यासको भण्डारण क्षमता कम्तीमा तीन महिनाका लागि पुग्ने गरी विस्तार गर्ने दीर्घकालीन कदम चाल्नु आवश्यक छ । नागरिकलाई आश्वासन र वक्तव्य होइन, भान्छामा सहज रूपमा ग्यास सिलिन्डर पुग्ने व्यावहारिक व्यवस्थापन चाहिएको छ ।

इतिहासको पाना

● सन्तोष खडेरी

अन्तर्राष्ट्रिय मिडियामा बिपीको सादगी



नेपालका प्रथम जनानिर्वाचित प्रधानमन्त्री बिपी कोइरालाको कद जति उच्च थियो, उनको जीवनशैली उस्तै सादगीपूर्ण थियो । मध्ययुगीन 'रैती'लाई आधुनिक समाजका 'नागरिक'मा रूपान्तरण गर्ने यी क्रान्तिनायक प्रधानमन्त्री भएका बेला सार्वजनिक भएको एउटा 'असाधारण' तस्बिरले त्यतिबेला अन्तर्राष्ट्रिय जगत्मा ठुलो चर्चा पाएको थियो ।

सन् १९५९ अक्टोबरको अन्तिम साता काठमाडौंस्थित आफ्नै सुत्ने कोठामा खिचिएको उक्त तस्बिरमा बिपी सादा सेतो कमिज-सुरुवाल र सेतो मफलरमा देखिन्छन् । अगाडि चियाको कप, खाजाको प्लेट र केही फाइल राखिएका छन्, जहाँ उनी दाहिने हातमा कलम समातेर टिप्पणी लेख्न लागिरहेका देखिन्छन् । १ नोभेम्बर १९५९ मा अन्तर्राष्ट्रिय समाचार एजेन्सी 'द एसोसिएटेड प्रेस' (एपी) मार्फत विश्वभरका पत्रपत्रिकामा यो तस्बिर छापिँदा संवाददाता हेनरी एस. ब्राडसेरले बिपीलाई 'अस्पतालका युवा प्रशिक्षार्थीजस्ता देखिने प्रधानमन्त्री' भनी टिप्पणी गरेका थिए ।

पहिलो आमनिर्वाचनमा अभूतपूर्व बहुमत ल्याएर प्रधानमन्त्री बनेका बिपीले आर्थिक मितव्ययिता व्यवहारमै लागू गर्दै आफ्नो मासिक तलब २५ सयबाट घटाएर १५ सय रुपैयाँ कायम गरेका थिए । त्यतिबेला विश्वका प्रतिष्ठित सञ्चारमाध्यमले 'नेपाललाई सामन्ती राजतन्त्रबाट आधुनिक प्रजातन्त्र लैजाने प्रयास' र 'नयाँ समाजतर्फ नेपाल'जस्ता शीर्षकमा समाचार छापेका थिए । असंलग्न परराष्ट्र नीति र आर्थिक सामन्तवादको अन्त्य गर्ने बिपीको निष्ठाको अन्तर्राष्ट्रिय स्तरमै व्यापक प्रशंसा भएको थियो ।

त्यसबेला एक विदेशी पर्यवेक्षकले प्रश्न गरेका थिए, 'निर्वाचनमार्फत घटिरहेको आफ्नो शक्तिलाई राजाले कहिलेसम्म स्वीकार गर्लान् ?' विडम्बना ! त्यो संशय सत्य साबित भयो । राजा महेन्द्रले संवैधानिक दायरामा बस्न नसकेर र बिपीको बढ्दो लोकप्रियताबाट तर्सिएर केवल १८ महिनामै जननिर्वाचित सरकार र संसद् विघटन गरी प्रजातन्त्रको घाँटी निमोठे ।

प्रजातन्त्र र सादगीका पर्याय बिपीको यो ऐतिहासिक तस्बिर केवल एउटा तस्बिर मात्र थिएन । बरु नेपाललाई आधुनिकतातर्फ लैजाने एउटा ऐतिहासिक सम्भावना र सादगीपूर्ण नेतृत्वको अनमोल दस्तावेज थियो ।

भोटेकोशी बाढीमा ज्यान गुमाउनेहरूको सम्झनामा स्पेनमा शोकसभा

भरत प्रधान/मध्यान्ह
स्पेन, २४ भदौ



रसुवाको भोटेकोशीमा आएको बाढीमा परी ज्यान गुमाउनेहरूप्रति श्रद्धाञ्जली तथा प्रभावित परिवारप्रति ऐक्यबद्धता जनाउँदै स्पेनको कोस्टाब्लांकामा शोकसभा सम्पन्न भएको छ।

नेपाल समाज एसोसिएसन कोस्टाब्लांका र गैरआवासीय नेपाली संघ (एनआरएनए) क्षेत्रीय समिति कोस्टाब्लांकाको संयुक्त आयोजनामा कोस्टाब्लांकामा शोकसभा गरिएको हो। कार्यक्रममा समाजका अध्यक्ष केशरबहादुर थापाले बाढीमा परी ज्यान गुमाउनेहरूप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै घाइतेहरूको शीघ्र स्वास्थ्यलाभको कामना गरे। उनले बेपत्ता नागरिकहरूको तत्काल खोज तथा उद्धार गर्न नेपाल सरकारसँग आग्रह गर्दै प्रभावित परिवारलाई आवश्यक राहत उपलब्ध गराउन सम्बन्धित निकायको ध्यानाकर्षण गराए।

शोक मन्तव्यका क्रममा स्पेन भ्रमणमा रहेका गायक श्रीकृष्ण बम मल्ल र गायिका लक्ष्मी मल्लले बाढीपहिरोबाट भएको जनधनको क्षतिप्रति दुःख व्यक्त गर्दै पीडितहरूको उद्धार, राहत तथा पुनर्स्थापनाका लागि सहयोग गर्न सबै नेपालीलाई अपिल गरे।

शोकसभामा एनआरएनए स्पेनका वरिष्ठ उपाध्यक्ष सुरेन्द्र भुजेल थापा, उपाध्यक्ष देबराज सापकोटा, एनआरएनए क्षेत्रीय समिति कोस्टाब्लांकाका अध्यक्ष बिपिन बुढाथोकी, नेपाल समाज एसोसिएसनका संरक्षक मुकुन्द लामिछाने, संरक्षकहरू विनोद शेरचन, स्मृति गौतम र विजय थापा, एनआरएनए स्पेनकी पूर्वमहिला उपाध्यक्ष सृजना लामिछाने, समाजकी उपाध्यक्ष डा.सबिता पाठक, एनआरएनए क्षेत्रीय समिति कोस्टाब्लांकाका सहसचिव डा. बृहस्पति पण्डित, गोविन्द पोखरेल, ओजस्वी पण्डित, ब्रीति पण्डित पाठक लगायतको उपस्थिति रहेको थियो। कार्यक्रमको सञ्चालन समाजका कार्यवाहक महासचिव अशिम लोप्चनले गरेका थिए।

कार्यक्रममा सहभागीहरूले मृतकहरूको सम्झनामा मौनधारण गर्दै श्रद्धाञ्जली अर्पण गरेका थिए। साथै, बेपत्ता नागरिकहरूको सकुशल उद्धार, घाइतेहरूको उपचार तथा बाढीपहिरोबाट प्रभावित परिवारलाई आवश्यक राहत र सहयोग उपलब्ध गराउन सम्बन्धित निकायसँग आग्रह समेत गरेका थिए।

चोलेन्द्र शमशेरविरुद्धको महाभियोग खारेज



काठमाडौं/मस-सर्वोच्च अदालतले पूर्वप्रधानन्यायाधीश चोलेन्द्र शमशेर जबराविरुद्धको रिट निवेदन खारेज गरेको छ। संवैधानिक इजलासको यस निर्णयसँगै उनीमाथिको महाभियोग प्रक्रिया प्रभावहीन भएको ठहर गर्दै जबराले अब पेन्सनपट्टा लगायतका सुविधा पाउने बाटो खुलेको छ। प्रधानन्यायाधीश डा.मनोजकुमार शर्मा नेतृत्वको संवैधानिक इजलासमा न्यायाधीशहरू सपना प्रधान मल्ल, कुमार रेग्मी, शारङ्गा सुवेदी र विनोद शर्मा सहभागी थिए। इजलासले संघीय संसद् सचिवालयका तत्कालीन महासचिव भरतराज गौतमले जारी गरेको पत्रविरुद्ध दायर रिट खारेज गर्ने निर्णय सुनाएको हो।

यसअघि प्रतिनिधिसभाको कार्यकाल सकिँदै गर्दा जबराविरुद्धको महाभियोग प्रस्ताव टुंगो नलागी निष्क्रिय बनेको थियो। त्यसपछि महासचिव गौतमले महाभियोग प्रस्ताव निष्प्रभावी भएको भन्दै जबराको निलम्बन फुकुवा हुने आशयको पत्र दिएका थिए। उक्त पत्रलाई चुनौती दिँदै नेपाल बार एसोसिएसन र सर्वोच्च अदालत बार एसोसिएसनले रिट दायर गरेका थिए।

रिटमाथि प्रारम्भिक सुनुवाइ गर्दै सर्वोच्चले सो पत्र कार्यान्वयन नगर्न अन्तरिम आदेश दिएको थियो, जसका कारण जबरा लामो समयसम्म निलम्बित अवस्थामै रहे। तर अन्ततः संवैधानिक इजलासले उक्त रिट खारेज गरेपछि जबराको निलम्बनसम्बन्धी विवाद अन्त्य भएको छ।

जबराविरुद्ध २०७८ फागुन १ गते महाभियोग प्रस्ताव दर्ता भएकव थियो। महाभियोग प्रक्रियाकै बीच उनी २०७९ मंसिर २९ गते उमेर हदका कारण अनिवार्य अवकाशमा गएका थिए। पारित नभएको महाभियोगका कारण उनको तलबभत्ता र सेवानिवृत्तिपछिको पेन्सन रोकिएको थियो। रिट खारेजपछि अब बाटो खुलेको छ।

बाढीपीडितको अस्थायी बसोबास व्यवस्थापन गर्न सर्वेक्षण सुरु

काठमाडौं/मस- भोटेकोशी नदीमा आएको बाढीबाट प्रभावित भई विभिन्न जिल्लाका होल्डिङ सेन्टरमा आश्रय लिइरहेका परिवारलाई उनीहरूको आवश्यकता र प्राथमिकताका आधारमा अस्थायी बसोबासको व्यवस्था गर्न सरकारले सर्वेक्षण थालेको छ।

आपत्कालीन अवस्थामा प्रभावित नागरिकलाई तत्काल आश्रय उपलब्ध गराउन सञ्चालन गरिएका होल्डिङ सेन्टरबाट अब परिवारगत रूपमा अस्थायी बसोबासको व्यवस्थातर्फ सरकार अघि बढेको हो। केही साताभित्र प्रत्येक परिवारका लागि छुट्टाछुट्टै अस्थायी बसोबासको विकल्प तय गर्ने उद्देश्यले आवश्यकता मूल्यांकन सुरु गरिएको छ।



पूर्वाधार विकास मन्त्रालयअन्तर्गतको सहरी विकास तथा भवन निर्माण विभागले मंगलबारदेखि प्रभावित जिल्लामा टोली परिचालन गरी 'कोबो टुलबक्स'मार्फत विवरण संकलन गरिरहेको छ। आवश्यकता मूल्यांकन फारमका आधारमा प्रभावित परिवारको अवस्था र उनीहरूलाई आवश्यक पर्ने सहयोगसम्बन्धी विवरण संकलन गरिने विभागले जनाएको छ। सर्वेक्षणमा परिवारका सदस्यको विवरणसँगै बाढीबाट घर पूर्ण वा आंशिक रूपमा क्षति भएको अवस्था, परिवारका दिवंगत तथा बेपत्ता सदस्यको संख्या, सरकारी सहयोगमा अस्थायी आश्रयमा बस्ने वा भाडाको आवास रोज्ने विषयमा परिवारको प्राथमिकता समेटिनेछ। त्यस्तै, प्रभावित परिवारसँग उपलब्ध जग्गाको अवस्था, स्थानान्तरणका लागि उपयुक्त विकल्प, खानेपानी तथा सरसफाइको आवश्यकता र अन्य आधार भूत आवश्यकतासम्बन्धी विवरणसमेत संकलन गरिनेछ।

सरकारका अनुसार प्रारम्भिक चरणको सर्वेक्षणले होल्डिङ सेन्टरमा रहेका प्रत्येक परिवारको वास्तविक आवश्यकता पहिचान गर्न सहयोग पुऱ्याउनेछ। संकलित विवरणका आधारमा अस्थायी बसोबाससम्बन्धी सरकारी योजना कार्यान्वयन गर्न सहज हुने अपेक्षा गरिएको छ।

होल्डिङ सेन्टरमा रहेका परिवारको सर्वेक्षण एक साताभित्र सम्पन्न गर्ने लक्ष्य राखिएको छ। त्यसपछि होल्डिङ सेन्टरबाहिर रहेका बाढी प्रभावित परिवारलाई समेत सोही आवश्यकता मूल्यांकन फारम प्रयोग गरी सर्वेक्षणको दायरामा ल्याइने भएको छ।

यसबाट प्रभावित परिवारको आवासीय आवश्यकता, उपलब्ध स्रोत तथा पुनःस्थापनाका सम्भावित विकल्पलाई तथ्यमा आधारित रूपमा पहिचान गरी आगामी व्यवस्थापन प्रक्रिया अघि बढाउन सहयोग पुग्ने सरकारको अपेक्षा छ।

बाढीले पारेको प्रभाव अध्ययन गर्न उपसमिति गठन

प्रतिनिधिसभा, अर्थ समितिले रसुवाबाढीबाट अर्थतन्त्रमा पारेको प्रभाव, विश्लेषण एवं जलवायु वित्तसँग सम्बन्धित अध्ययन तथा विश्लेषण गर्ने भएको छ।

अध्ययन तथा विश्लेषण गर्न सांसद सुशिल खड्काको संयोजकत्वमा सात सदस्यीय उपसमिति गठन गरिएको छ।

प्रतिनिधिसभा, अर्थ समितिको आज सिंहदरबारमा बसेको बैठकले खड्कको संयोजकत्वमा उक्त उपसमिति गठन गरेको हो। उपसमितिको सदस्यमा सांसद नरेन्द्रकुमार केरुङ, परशुराम तामाङ, डा. पुष्पराज कँडेल, लिमा अधिकारी, पुष्प चौधरी र सुशान्त वैदिक सदस्य रहेका छन्।

गरिमा म्युचूअल फण्ड
अन्तर्गत सञ्चालित बन्दमुखी योजना
गरिमा समृद्धि योजना

धितोपत्र सम्बन्धी ऐन, २०६३ तथा सामूहिक लगानी कोष नियमावली, २०६७ बमोजिम नेपाल धितोपत्र बोर्डबाट २०८१/०८/०५ मा योजना सञ्चालन अनुमति प्राप्त २०८१/०९/१८ देखि २०९१/०९/१७ सम्म अवधि भएको १० वर्षे योजना

संक्षिप्त वार्षिक वित्तीय विवरण (लेखापरीक्षण भएको)

२०८३ आषाढ मसान्तको वासलात

विवरण	आषाढ मसान्त २०८३ रकम (रु.)	आषाढ मसान्त २०८२ रकम (रु.)
सम्पत्ति		
गैर चालु सम्पत्ति		
ऋणपत्र (Financial Assets Measured at Amortised Cost)	९,५५३,०००	२,४४२,०००
चालु सम्पत्ति		
मुद्दती निक्षेप	३०,०००,०००	१६०,०००,०००
सूचीकृत शेयर	१,१६३,१९४,७२०	८९१,३७५,०४८
बैंक मौज्दात	४८,८१६,४५२	७५,६५३,२९९
अन्य सम्पत्ति	१,७३२,९७१	२५०,८१०,७१०
जम्मा सम्पत्ति	**१,२५३,२९७,१४३**	**१,३८०,२८१,०५७**
पूँजी तथा दायित्व		
चालु दायित्व	८,०६१,१३७	५०,२८२,७२९
खुद सम्पत्तिमा इकाईधनीहरुको श्रेय	१,२४५,२३६,००६	१,३२९,९९८,३२८
जम्मा पूँजी तथा दायित्व	**१,२५३,२९७,१४३**	**१,३८०,२८१,०५७**
प्रति इकाई खुद सम्पत्ति मूल्य	**९.९६**	**१०.६४**

२०८३ आषाढ मसान्तसम्मको आय व्यय विवरण

विवरण	आषाढ मसान्त २०८३ रकम (रु.)	आषाढ मसान्त २०८२ रकम (रु.)
आम्दानी		
शेयर बिक्रीबाट प्राप्त आम्दानी	११५,९२९,१६७	८४,२९६,६८६
ब्याज आम्दानी	२,३८६,२७८	६,३०२,२००
लाभांश आम्दानी	९,५६३,४१८	१,२१५,२७८
अन्य आम्दानी	३६,२८१	१३,६६२
शेयर लगानीबाट प्राप्त भईनसकेको आम्दानी	(११६,३३३,८१२)	१६,१४४,८८८
जम्मा आम्दानी	**११,५८१,३३२**	**१०७,९७२,७१४**
खर्च		
पूर्व सञ्चालन खर्च	-	४,०५४,३७६
योजना व्यवस्थापक शुल्क	१९,१३६,८०६	१०,२५३,४५७
डिपोजिटरी शुल्क	२,५५१,५७४	१,३६७,१२८
कोष सुपरिवेक्षक शुल्क	२,५५१,५७४	१,३६७,१२८
सञ्चालन खर्च	८,३५३,७००	१०,९३२,२९८
जम्मा खर्च	**३२,५९३,६५५**	**२७,९७४,३८७**
कुल नाफा/(नोक्सान)	**(२१,०१२,३२३)**	**७९,९९८,३२८**

२०८३ आषाढ मसान्तसम्मको नगद प्रवाह विवरण

विवरण	आषाढ मसान्त २०८३ रकम (रु.)	आषाढ मसान्त २०८२ रकम (रु.)
क. कारोबार संचालनबाट नगद प्रवाह		
यस वर्षको खूद नाफा/नोक्सान	(२१,०१२,३२२)	७९,९९८,३२८
समायोजनहरुः		
प्राप्त भइनसकेको लाभमा (वृद्धि)/कमी	११६,३३३,८१२	(१६,१४४,८८८)
दायित्वमा वृद्धि/(कमी)	(४२,२२१,५९२)	५०,२८२,७२९
शेयरमा (वृद्धि)/कमी	(३८८,१५३,४८४)	(८७५,२३०,१६०)
ऋणपत्रमा (वृद्धि)/कमी	(७,१११,०००)	(२,४४२,०००)
मुद्दती निक्षेपमा (वृद्धि)/कमी	१३०,०००,०००	(१६०,०००,०००)
अन्य सम्पत्तिमा (वृद्धि)/कमी	२४९,०७७,७३९	(२५०,८१०,७१०)
कारोबार संचालनबाट भएको नगद प्रवाह (१)	**३६,९१३,१५३**	**(१,१७४,३४६,७०१)**
ख. वित्तीय कारोबारबाट नगद प्रवाह		
इकाई पूँजीमा वृद्धि/(कमी)	-	१,२५०,०००,०००
लाभांश भुक्तानी	(६३,७५०,०००)	-
वित्तीय कारोबारबाट भएको नगद प्रवाह (२)	**(६३,७५०,०००)**	**१,२५०,०००,०००**
ग. लगानी कारोबारबाट नगद प्रवाह		
वित्तीय सम्पत्तिमा (वृद्धि/कमी)		-
लगानी कारोबारबाट भएको नगद प्रवाह (३)	-	-
सम्पूर्ण गतिविधिबाट भएको नगद प्रवाह (१+२+३)	**(२६,८३६,८४७)**	**७५,६५३,२९९**
शुरुको नगद तथा बैंक मौज्दात	**७५,६५३,२९९**	-
अन्तिम नगद तथा बैंक मौज्दात	**४८,८१६,४५२**	**७५,६५३,२९९**

कोष प्रवर्द्धक
गरिमा विकास बैंक लिमिटेड
Garima Bikas Bank Limited
बालुवाटार, काठमाडौं-०३
फोन नं.: ०१-४५४५४२४/२५
इमेल: info@garimabank.com.np
वेबसाइट : www.garimabank.com.np

योजना व्यवस्थापक तथा डिपोजिटरी
गरिमा क्यापिटल लिमिटेड
Garima Capital Limited
कमलपोखरी, काठमाडौं - ०१
फोन नं.: ०१-४५२९१४९/ ५०
इमेल: info@garimacapital.com
वेबसाइट : www.garimacapital.com

हकदावी सम्बन्धी ३५ दिने सूचना

कम्पनी रजिष्ट्रारको कार्यालय त्रिपुरेश्वरमा मिति २०६६/११/०४ मा दर्ता भएको **भागेश्वर पोलिक्लिनिक प्रा.लि.(प्रा.लि.नं. २५६०७५)** को मिति २०८३/०५/२० गते बसेको विशेष साधारणसभाले कम्पनी खारेज गर्ने निर्णय गरेकोले उक्त कम्पनीसँग कोही कसैको लेनदेन वा कम्पनीले तिर्नु बुझाउनु पर्ने कुनै दायित्व भएमा प्रमाण सहित यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्र लिक्वीडेटरको कार्यालय काठमाडौंमा सम्पर्क गर्नुहुन सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ। अन्यथा तोकिएको म्यादभित्र हकदावी गर्न नआए उक्त कम्पनी खारेजीको प्रकृया अगाडि बढाई दर्ता खारेज गरिने छ।

लिक्वीडेटरः जिवन कुमार थापा, ठेगाना : डिल्लिबजार
इजाजतपत्र नं. ४२२, फोन नं. ९८४१६९६९६६

नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालयको
हक दावी सम्बन्धी सूचना

यस कार्यालयमा मिति २०६९।०४।३२ मा दर्ता भएको **प्रा.लि. नं. ९६१६३** को **बिभुशा ड्राईभिङ्ग ट्रेनिङ्ग सेन्टर प्रा.लि.** नामक कम्पनीले दर्ता खारेज गरि पाउँ भनि यस कार्यालयमा निवेदन पेश गरेको हुँदा उक्त कम्पनीले कसैसँग ऋण लिएको वा सो कम्पनीको कुनै तिर्नु बुझाउनु पर्ने दायित्व भए प्रमाण सहित हक दावीको लागि ३५ दिन भित्र यस कार्यालयमा दावी गर्न आउनुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ। तोकिएको म्याद भित्र हक दावी गर्न नआए उक्त कम्पनीको दर्ता खारेज गरिनेछ।

कम्पनीको नाम परिवर्तन गरिएको सूचना
तेस्रो पटक प्रकाशित मिति २०८३/०५/२५

यस कम्पनीको मिति २०८३।०४।२४ मा सम्पन्न विशेष साधारणसभाको निर्णयानुसार साविक कम्पनी **नेचर इन्फोटेक सोलुसन प्रा.लि. (दर्ता नं. २१५२१४)** को नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ती तथा तिर्न पर्ने कर दायित्व आदी परिवर्तित कम्पनीले तिर्ने व्यहोर्ने गरी कम्पनी रजिष्ट्रारको कार्यालयको मिति २०८३।०५।०५ को निर्णय अनुसार कम्पनीको नाम परिवर्तन गरी **थर्ड पोल टेक्नोलोजी प्रा.लि.** कायम गरिएको व्यहोरा यसै सूचनाद्वारा जानकारी गराइन्छ।

कम्पनीको नाम परिवर्तन गरिएको सूचना
तेस्रो पटक प्रकाशित मिति २०८३/०५/२५

यस कम्पनीको मिति २०८३।०४।२६ मा सम्पन्न विशेष साधारणसभाको निर्णयानुसार साविक कम्पनी **पाणिनी इन्टरप्राइजेज प्रा.लि. (दर्ता नं. ७६९६२)** को नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ती तथा तिर्न पर्ने कर दायित्व आदी परिवर्तित कम्पनीले तिर्ने व्यहोर्ने गरी कम्पनी रजिष्ट्रारको कार्यालयको मिति २०८३।०४।२८ को निर्णय अनुसार कम्पनीको नाम परिवर्तन गरी **पाणिनी रियलस्टेट प्रा.लि.** कायम गरिएको व्यहोरा यसै सूचनाद्वारा जानकारी गराइन्छ।

कम्पनीको नाम परिवर्तन गरिएको सूचना
प्रथम पटक प्रकाशित मिति २०८३/०५/२५

यस कम्पनीको मिति २०८३।०५।१० मा सम्पन्न विशेष साधारणसभाको निर्णयानुसार साविक कम्पनी **सेन्टर फर हेल्थ केयर रिसर्च एण्ड सर्भिस प्रा.लि. (दर्ता नं. १६३१३३)** को नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ती तथा तिर्न पर्ने कर दायित्व आदी परिवर्तित कम्पनीले तिर्ने व्यहोर्ने गरी कम्पनी रजिष्ट्रारको कार्यालयको मिति २०८३।०५।२२ को निर्णय अनुसार कम्पनीको नाम परिवर्तन गरी **सेन्टर फर ए.आई. रोबोटिक्स एण्ड इमर्जेन्ट टेक्नोलोजी प्रा.लि.** कायम गरिएको व्यहोरा यसै सूचनाद्वारा जानकारी गराइन्छ।

नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालयको
कम्पनीको दर्ता खारेज गरिएको सूचना

यस कार्यालयमा मिति २०७६।१०।१६ मा दर्ता भएको **प्रा.लि. नं. २३३४६३** को **गोल्डेन ज्वेल्स प्रा.लि.** नामक कम्पनी यस कार्यालयको मिति २०८३।०४।१५ को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १२६(१) बमोजिम दर्ता खारेज गरिएको सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालयको
कम्पनीको दर्ता खारेज गरिएको सूचना

यस कार्यालयमा मिति २०७३।१२।१८ मा दर्ता भएको **प्रा.लि. नं. १६६४०७** को **फारवेष्ट मल्टी टेक्निकल इन्स्टिच्युट प्रा.लि.** नामक कम्पनी यस कार्यालयको मिति २०८३।०५।०९ को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १३६(१) बमोजिम दर्ता खारेज गरिएको सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

Government of Bagmati Province
Ministry of Health and Social Development
Health Directorate
Ramechhap Hospital
Ramechhap, Nepal

Invitation for Bids

First Date of Publication: 2083/05/25 (2026/09/10)

1. Ramechhap Hospital invites NCB (1s1e) from eligible bidders for the domestic bidders for the Contracts name below.

S. N.	IFB No. (Package Name)	Work/Description	Cost of Bid Document (Nrs.)	Total Estimated Amount without VAT (Nrs.)	Bid Security Period	Bid Security Amount (Nrs.)	Last date/time of bid Sumission	Last date of bid opening
1	RH/RCH/NCB/ GOODS/1/083/084	Supply & Delivery of Reagent for Erba XL-200 Automated Clinical Chemistry Analyzer	3,000.00	2858972.00	120 days	75000.00	At 12:00 PM on 2083/06/15	At 2:00 PM on 2083/06/15
2	RH/RCH/NCB/ GOODS/2/083/084	Supply & Delivery of Reagent for iFlash 1200-A CLIA Machine	3,000.00	3077664.00	120 days	80000.00	At 12:00 PM on 2083/06/15	At 2:00 PM on 2083/06/15
3	RH/RCH/NCB/ GOODS/3/083/084	Supply & Delivery of Reagent for Vision Pro-B ESR Analyzer	3,000.00	106020.00	120 days	3000.00	At 12:00 PM on 2083/06/15	At 2:00 PM on 2083/06/15
4	RH/RCH/NCB/ GOODS/4/083/084	Supply & Delivery of Reagent for H900 ICHROMA II	3,000.00	230300.00	120 days	6000.00	At 12:00 PM on 2083/06/15	At 2:00 PM on 2083/06/15
5	RH/RCH/NCB/ GOODS/5/083/084	Supply & Delivery of Reagent for Elite 580 Automated Hematology Analyzer (5 Parts)	3,000.00	914875.00	120 days	23000.00	At 12:00 PM on 2083/06/15	At 2:00 PM on 2083/06/15
6	RH/RCH/NCB/ GOODS/6/083/084	Supply & Delivery of Reagent for EC-90 Electrolyte Analyzer	3,000.00	360285.00	120 days	10000.00	At 12:00 PM on 2083/06/15	At 2:00 PM on 2083/06/15
Account details for bid document purchase:				Name of Bank: Rastriya Banijya Bank Name of Office: Ramechhap Hospital Office Code Number: 3700124013 Revenue Account No. 1000100200010000 Revenue Code No. 14229				
Account details for bid security deposit:				Account Rame: Ramechhap Hospital Name of Bank: : Rastriya Banijya Bank, Ramechhap/Manthali Branch Account Number: 1680100202030000				

2. A complete set of Bidding Documents may be purchased from the office of Ramechhap Hospital, Ramechhap by eligible bidders on the submission of written application, along with the copy of company/firm registration certificate and upon the payment of non- refundable fee of NPR. 3000/- till 2083/06/14 during office hours in the account as specified as above.
3. Bidder shall have the option of submitting their bids Hard Copy only (by hand) at Ramechhap Hospital, Ramecchap on or before 2:00 PM on 2083/06/15. Bids received after this deadline will be rejected.
4. Matters not covered in this notice shall be accordance with prevailing rules and regulation of GoN.
5. Bidder should must submit Manufacture's Authorization Letter of Specified Machine for the quoted items in the package as per ITB ITB 12.1 (h)
6. Any amendments in this Tender notice will be posted in the notice board of Ramechhap Hospital or may visit ramechhaphospital.bagmati.gov.np
7. Eligible Bidder's may obtain further information at the office of Ramechhap Hospital, Ramechhap or contact to 9854023114/ 048400114)

युएईमा रोजगार
कम्पनी : Mohammed Alnuaimi Building Cleaning Services — शहर : UAE,Dubai
पूर्व स्वीकृत मितिः २०८३/०५/२३ — चलानी नं.: ६०२६०८६७ — LT. No.: 347669

सि.नं.	कामदारको पद	माग संख्या पुरुष	माग संख्या महिला	न्यूनतम योग्यता	मासिक तलब AED	ने. रु.	ओभर टाईम सुविधा	प्रतिदिन काम गर्ने घण्टा	हप्तामा काम गर्ने दिन	वार्षिक बिदा	खाना सुविधा	बस्ने सुविधा	करार अवधि
1.	Assistant Mason	6	0	स. काममा दक्ष	1200	४९४७६	क.नि. अनुसार	८ घण्टा	६ दिन	क.नि. अनुसार	छ		२ वर्ष

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८३ असोज १ गते (17 September 2026) मा हुनेछ ।

स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने	विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने	स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने	रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने	कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने	सामाजिक सुरक्षा कोष (एसएसएफ)	भिषा शुल्क कस्ले व्यहोर्ने	भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने	अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने	कल्याणकारी कोष सम्बन्धी व्यवस्था	सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने
कामदारले तिर्ने	रोजगारदाताले	कामदारले तिर्ने	रोजगारदाताले	रोजगारदाताले	रु. २५९६ कामदारले	रोजगारदाताले	रोजगारदाताले	रु. ७०० कामदारले	रु. १,५०० कामदारले	रु. १०,००० कामदारले

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफूसँग राख्नु होला । ६. कामका विदेश जाँदा नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

श्रम इजाजत पत्र नं. १०१०/०७३/०७४
NEW ALFA H.R. SERVICES PVT. LTD.
Chandol-04, Kathmandu | Tel: 01-4721183, 9841531176 (Rishi Nepal)
E-mail: newalfahrs@gmail.com | Web.: www.newalfahrs.com

कुवेतमा रोजगार
कम्पनी: anwar kuwaiti company for public utilities management — शहर: KUWAIT
पूर्व स्वीकृत मितिः २०८३/०५/२४ — चलानी नं.: ६०२६०९०४ — L.T. No.: 347752

सि.नं.	कामदारको पद	माग संख्या पुरुष	माग संख्या महिला	न्यूनतम योग्यता	मासिक तलब KD	ने. रु.	ओभर टाईम सुविधा	प्रतिदिन काम गर्ने घण्टा	हप्तामा काम गर्ने दिन	वार्षिक बिदा	खाना सुविधा	बस्ने सुविधा	करार अवधि
1.	Cleaner Indoor	10	8	स. काममा दक्ष	90	४४४४१	क.नि. अनुसार	८ घण्टा	६ दिन	क.नि. अनुसार	छ		२ वर्ष

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८३ असोज १ गते (17 September 2026) मा हुनेछ ।

स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने	विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने	स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने	रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने	कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने	सामाजिक सुरक्षा कोष (एसएसएफ)	भिषा शुल्क कस्ले व्यहोर्ने	भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने	अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने	कल्याणकारी कोष सम्बन्धी व्यवस्था	सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने
कामदारले तिर्ने	रोजगारदाताले	कामदारले तिर्ने	रोजगारदाताले	रोजगारदाताले	रु. २५९६ कामदारले	रोजगारदाताले	रोजगारदाताले	रु. ७०० कामदारले	रु. १,५०० कामदारले	रु. १०,००० कामदारले

Samridhha Human Resources Pvt. Ltd. — Gov. Lic No. 1045/073/074
Hattigaunda-07, Buddhanilkantha, Kathmandu, Tel: 01-4371370, 4371369, 9813033715 9851315449 | Email: info@samriddhahr.com, Web.: www.samriddhahr.com

कतारमा रोजगार
कम्पनी: FINAS FOR CLEANING — शहर: DOHA
पूर्व स्वीकृत मितिः २०८३/०५/२३ — चलानी नं.: ६०२६०८५० — LT. No.:347694

सि.नं.	कामदारको पद	माग संख्या पुरुष	माग संख्या महिला	न्यूनतम योग्यता	मासिक तलब QR	ने. रु.	ओभर टाईम सुविधा	प्रतिदिन काम गर्ने घण्टा	हप्तामा काम गर्ने दिन	वार्षिक बिदा	खाना सुविधा	बस्ने सुविधा	करार अवधि
1.	GEN. CLEAN WORKER	0	5	सम्बन्धित काममा दक्ष	1000	४१५४०	क.नि. अनुसार	८ घण्टा	६ दिन	क.नि. अनुसार	छ		२ वर्ष
2.	Cleaners (Famale)	0	3		1000	४१५४०							

